# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति- २०७९

प्रमाणीकरण मिति २०७९ असार


सूर्योदय नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

फिक्कल, इलाम, प्रदेश नं १

## विषय सूची


१ पृष्ठभूमि ........ १
२. नाम र प्रारम्भ ........ २
३.परिभाषा ........ २
४. नगरपालिकाको संक्षिप्त परिचय ........ ४
५. सूर्योदय नगरपालिकाको लैससासको अवस्था ........ ५
६. लैससास रणनीतिको औचित्यता ........ ५
७. अवस्था विश्लेषण ........ ६
७.१. SWOT विश्लेषण ........ ७
७.२.सरोकारवाला पहिचान ........ ११
७.३. लक्षितवर्ग पहिचान ........ १२
७.४.लक्षितवर्ग प्राथमिकीकरण र सवाल पहिँचान ........ १२
८. दीर्घकालीन सोच ........ १५
९. लक्ष्य ........ १५
१०. उद्देश्य ........ १५
११. नीति ........ १५
१२. रणनीति ........ १६
१२.१ मूलप्रवाहीकरण ........ १६
१२.२ सशक्तीकरण ........ १६
१२.३ क्षमता बिकासः ........ १६
१२.४ समन्वय, सहकार्य र सहजीकरणः ........ १७
१२.५ अनुगमन तथा मूल्यांकन ........ १७
१३. कार्यनीति ........ १७
१३.१ रणनीति १२.१ सगं सम्बन्धित कार्यनीति ........ १७
१३.२ रणनीति १२.२ संग सम्बन्धित कार्यनीतिहरु ........ १८
१३.२.१ संस्थागत ब्यबस्था ........ १९
१३.२.१.१ सामाजिक विकास शाखा र यसको काम तथा कर्तब्यः ........ १९
१३.३ रणनीति १२.३ संग सम्बन्धित कार्यनीतिहरु ........ २३
१३.४ रणनीति १२.४ संग सम्बन्धित कार्यनीति ........ २३
१३.५ रणनीति १२.५ संग सम्बन्धित कार्यनीतिहरु ........ २५

१४. रणनीति पुनरावलोकन तथा सुधार ........ २५
१५.बित्त व्यवस्थापन ........ २६
१६. कानूनी व्यवस्था ........ २६
१७. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व ........ २६
१८. संभाव्य जोखिम र न्यूनीकरणका उपायहरु ........ २७
१८.१ .संभाव्य जोखिम ........ २७
१८.२ जोखिम न्यूनीकरणका उपायहरु ........ २७
१९. लैससास मूलप्रवाहीकरणमा रणनीतिका विस्तृत शब्दावली (Glossary) ........ २७
२०.लैससास क्षेत्रमा हालसम्म वनेका नीति कानून कार्यविधिहरु ........ २९

# १ पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो । यसले लैससाससँग सम्बन्धित विभिन्न अनुभवहरुलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो। यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ। नेपाल सरकारको विकासका सूचकहरुको प्राप्तिका निम्ति लैससासको मूलप्रवाहीकरण नेपालको संविधानको प्रस्तावनमानै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। सीमान्तकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संवोधन गर्न र लिङ्ग तथा जात, जातीयतामा आधारीत भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन। पन्ध्रौं पञ्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैङ्गिक विकास सूचकाङ्कलाई ०.९२५ बाट ०.९६३ पुर्याउने अपेक्षा राखेको छ।

समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ। यसरी नै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी निम्नानुसारका प्रावधानहरुको व्यवस्था गरेको छ।

क. गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था गरेको।

ख. वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क सङ्कलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको।

ग. स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रबर्धन गर्ने व्यवस्था गरिएको। त्यसैले, संविधानद्वारा प्रदत्त

हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितीकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ। यसरी नै लैससासका मुद्दाहरूलाई केन्द्रीय सरकारले नीतिगत तथा कानूनमा सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धार सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समाबेशी विकासलाई प्रबर्द्धन गरी यसको मूलप्रवाहीकरण गर्न यो रणनीति तयार गरिएको हो।

## २. नाम र प्रारम्भ

यो रणनीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९ रहनेछ र यसको प्रारम्भ सूर्योदय नगरपालिकाको कार्यपालिकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ।

## ३.परिभाषा

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा :

क. **"रणनीति"** भन्नाले लैगिक समानता तथा समाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९ सम्झनु पर्दछ।

ख. **"स्थानीय तह"** भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्छ।

ग. **"नगरपालिका"** भन्नाले सूर्योदय नगरपालिका सम्झनु पर्छ।

घ. **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरीवी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

ङ. **"सामाजिक समावेशी सम्पर्क ब्यक्ति"** भन्नाले सूर्योदय नगरापालिकाको सामाजिक समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

च. **"सामाजिक समावेशी बजेट"** भन्नाले लक्षित वर्गको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ।

छ. **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।

ज. **"सामुदायिक संस्था"** भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचिकृत भएका समुदायहरु आधारीत संस्था सम्झनु पर्छ।

झ. **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

ञ. **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार अधिकतम उपयोग गर्नका लागि सोही अनुरुप व्याख्या विश्लेषण र कार्ययोजना वनाई अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

ट. **"बञ्चित समूह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, ज्येष्ठ नागरिक एवम दुर्गम क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई सम्झनु पर्दछ।

ठ. **"अल्पसंख्यक"** राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार ०.५ प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

ड. **"सीमान्तकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

ढ. **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।

ण. **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

त. **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरीबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

थ. **"लक्षित समूह"** भन्नाले यो रणनीतिमा लक्षित समुह भनेर किटान गरिएका जातजाती वर्ग लिङ्ग क्षेत्र का व्यक्ति वा समुदायलाई सम्झनु पर्छ ।

द. **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक

ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ।

ध. **"लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।

न. **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

प. **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ।

फ. **"सशक्तिकरण"** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

## ४. नगरपालिकाको संक्षिप्त परिचय

२५२.५२ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको सूर्योदय नगरपालिकामा हाल १४ वटा वडा रहेका छन् । रष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकाको जनसंख्या महिला २७५३५ र पुरुष २७९२२ गरी जम्मा ५५४५७ रहेको छ । सूर्योदय नगरपालिका पर्यटकीय आधारमा ईलाम जिल्लाको प्रमुख पर्यटकीय क्षेत्र हो । यो नगरपालिका पूर्वमा भारतको पश्चिम बंगाल राज्य अन्तरगत दार्जेलिङ जिला पर्दछ भने पश्चिममा इलाम नगरपालिका , उत्तरमा जोगमाई गापा तथा दक्षिणमा रोङ गाउँपालिका रहेको छ । यस नगरपालिकाको केन्द्र फिक्कल बजार हो । बहुजातीय , बहुधार्मिक , बहुसांस्कृतिक , बहुभाषिक जनताहरुको बसोबास रहेको भएतापनि विविधतामा एकता यस नगरपालिकाको गहनाको रुपमा रहेको छ । अलैची, दुध, आलु यस नगरपालिकको मुख्य उत्पादन हो । देशको एकमात्र अलैची विकास केन्द्र पनि यसै नगरपालिकामा पर्दछ ।

## ५. सूर्योदय नगरपालिकाको लैससासको अवस्था

सूर्योदय नगरपालिकको समग्रतामा अध्ययन गर्दा लैससासको दृष्टिकोणले केही काम भएको भएपनि अभिलेखमा भने खासै उल्लेख भएको पाइदैन ।कानून कार्यविधिहरु वनेका छन तर राजपत्रमा प्रकाशन भएका छैनन । नगरपालिकाको कार्यालयमा रहेका जनप्रतिनिधि र विषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारीहरु संग छलफल र अन्तरक्रिया गर्दा प्राप्त जानकारी अनुसार लैससास सम्वन्धी नगरपालिकाले विभिन्न काम गरेको छ ,लक्षित वर्गका लागि बजेट विनियोजन गरेको छ महिला पुरुष सम विकासका लागि बजेट विनियोजन गरेको, महिला स्वास्थ्य संग सम्वन्धित क्रियाकलापहरुमा प्रसस्त रुपमा ध्यान पुर्याएको छ । योजना तर्जुमा गर्दा महिलाका आवश्यक्तालाई व्यवहारिक र रणनीतिक गरी दुईभागमा राखेर छलफल हुने गरेकोले योजना तर्जुमा चरणबाटनै महिलाका सवालहरु समेटिएको पाइन्छ । महिला तथा पुरुषका लागि समान कामको समान ज्याला नीति अवलम्वन गरिएको छ । वार्षिक कार्यक्रम तय गर्दा महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी कार्यक्रमहरु तय गरिएका छन ।महिला तथा विपन्न परिवारहरुको लागि लोकसेवा पूर्व तयारी कक्षा सञ्चालन गरेर रोजगारी प्रवर्द्धनमा समेत यो नगरपालिकाले योगदान दिएको छ । नगरपालिका भित्र हुने विभिन्न प्रकारका अनौपचारिक कुरीतिहरु जातीतगत छूवाछुत बालविवाह बहुविवाह महिला हिंसा तथा घरेलु हिंसा सम्बन्धी सचेतना कार्यक्रम नियमित रुपमा सञ्चालन गरेको पाइन्छ ।

यसरी समग्रतामा हेर्दा यो नगरपालिकाले गरेका उत्कृष्ट कामहरुलाई अझ प्रचार प्रसारमा ल्याउन र अभिलेखीकरण पनि व्यवस्थित रुपमा गर्दै जानु आजको मुख्य आवश्यक्ता भएको छ । महिला लक्षित कार्यक्रमले महिलाको विकासका तीन वटै क्षेत्रहरु जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण र विभेदजन्य नीति नियम कुसंस्कार परिवर्तन सम्बन्धी सचेतना कार्यक्रममा समेतमा यो नगरपालिकाको प्रयास प्रसंशनीय छ ।

उल्लेखित अवस्थाका वाबजुद माथि उल्लेखित विवरणको आधारमा यो नगरपालिका लैससास प्रति थप संवेदनशील हुन जरुरी देखिन्छ । हाल सम्म सम्पादन भएका कामहरुको व्यवस्थित अभिलेखीकरण हुन जरुरी छ भने वर्तमान अवस्था लाई विश्लेषण गरेर देखिएका कमीकमजोरीहरुलाई आगामी दिनमा कसरी संवोधन गर्ने भन्ने रणनीति तयारी गर्न आवश्यक्ता देखिन्छ ।

## ६. लैससास रणनीतिको औचित्यता

संविधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मूल्यमान्यताहरु, कुरीति र परम्परागत सामाजिक हानिकार अभ्यास परिवर्तन गर्नु जरुरी छ। लैससास

रणनीतिले पालिकाको हरेक नीति, कानून, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन मार्गनिर्देश गर्ने हुँदा ब्यक्ति, परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षित बर्ग समूहलाई विकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ। नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानूनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानूनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु स्थानीयकरण गरी लागू गर्न गराउन आबश्यकता महशुस गरी सूर्योदय नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ। लैससास रणनीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छः

क. लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी विकासको मूलप्रबाहमा लक्षित समूहको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्दछ।

ख. खण्डीकृत तथ्याङ्क सहित लैङ्गिक आबश्यकता र मागका आधारमा योजना प्राथमिकीकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ।

ग. दीगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहुँच र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ।

घ. नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहरुलाई स्थानीयस्तर देखि नै पूर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ।

ङ. लैससासाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा विकास गरी लैङ्गिक उत्तरदायी योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ।

च. यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बीच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानून, योजना निर्माण एवम कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ।

## ७. अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्र (SWOT, सरोकारवाला र लक्षित वर्ग) निर्धारण गरिएकोछ । जसको विवरण निम्नानुसा प्रस्तुत गरिएकोछ ।

## ७.१. SWOT विश्लेषण

यो सूर्योदय नगरपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौति (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीतिकानूनमा समावेशिता, संस्थागत व्यवस्थामा समावेशिता, मानव संसाधन तथा क्षमता विकासमा समावेशिता, सेवा प्रवाहमा समावेशिता र सुसासन तथा उत्तरदायीत्वमा समावेशितामा आधारीत रहेर विश्लेषण गरिएकोछ । जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

**सवल पक्ष (Strength)**

१. नगरपालिकाको वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु प्रसस्त रुपमा राखेको
२. नगरपालिकाको योजना महिला वालवालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी वनेको
३. नगरपालिकामा विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको ।
४. नगरपालिकाको पार्श्वचित्र र आवधिक योजना तयार भइ सोही अनुसार कार्यक्रम सञ्चालन हुनु ।
५. योजना तर्जुमा प्रक्रियामा लैससासका प्रावधानहरुलाई स्पस्टरुपमा समावेश गरिएको ।
६. नगरपालिकाले वार्षिर्क समीक्षा प्रतिवेदन तयार गरी लैससासका समग्र लक्ष्य, प्रगति र कार्यान्वयनको दस्तावेजीकरण गरेको ।
७. लैंङ्गिक दृष्टिकोणले महिला पुरुष तथा आप्रवासी र स्थानीय बीच समान कामको लागि समान ज्यालादर निर्धारण गरेको ।
८. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भएको
९. हरेक निकाय तथा समितिहरुमा महिला सहभागिताको लक्षित वर्गको सुनिश्चितता भएको छ ।
१०. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ ।
११. नीति तथा योजनामा कानून कार्यवाही निर्माणमा जनशक्ति उपलव्ध भएको ।
१२. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता भएको ।
१३. नपामा कार्यरत कर्मचारीहरुमा महिला कर्मचारीको संख्या पनि उल्लेख्य भएको ।
१४. महिला तथा लक्षित वर्गका लागि जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम सञ्चालन गरेको ।
१५. महिला बालबालिका ज्येष्ठ नागरिक तथा समाज कल्याण शाखा र सामाजिक विकास शाखा स्थापना र सञ्चालन भएको ।
१६. बेरोजगारहरुको खण्डीकृत डाटा अद्यावधिक भएको ।
१७. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको ।

१८. पदाधिकारी तथा कर्मचारी लैससास सम्वन्धी सचेत रहेको ।
१९. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।
२०. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा पूर्व तयारी कक्षा संचालन गरेको ।
२१. महिला हिंसा विरुद्ध बजेट व्यावस्था तथा कार्यान्वयन भएको ।
२२. बालबालिका तथा अपाङ्गता एवम महिला डेक्सको व्यवस्था ।
२३. नगरपालिकामा मानव संसाधन विकास शाखाको व्यवस्था भएको
२४. न्यायिक समिति तथा वडामा रहेका मेलमिलापकेन्द्र हरुवाट न्याय सम्पादन सहज रुपमा हुने गरेको ।
२५. विपन्न तथा लक्षित वर्गको स्वास्थ्य बीमा भएको ।
२६. "सूर्योदय नगरपालिकाको इच्छा, छोरीबुहारीलाई शिक्षा" भन्ने नाराका साथ मेयर शैक्षिक कार्यक्रम सञ्चालन गरेको ।
२७. उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका ।
२८. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।
२९. "म मात्र हैन मेरो नानीलाई पनि स्वस्थ्य बनाउँछु" भन्ने नाराका साथ प्रसुति सुत्केरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरेको ।
३०. भौतिक पूर्वाधारका सवै डिजाइनहरुमा लैससासाका प्रावधानहरु समेट्ने गरिएको
३१. नगरपालिकामा फोहोर व्यवस्थापन का लागि  पहल सुरुभएको ।
३२. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड  वितरण गरेको
३३. प्रजनन स्वास्थ्य एड्स क्यान्सर  र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन गरेको ।
३४. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा  नगरपालिका सहकार्य समन्वय  गरेको
३५. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको ।
३६. समावेशिता सम्वन्धी कार्यक्रमहरु नियमित रुपमा रेडियो पत्रपत्रिकाहरुमा प्रकाशन प्रशारण हुने गरेको ।
३७. वार्षिक कार्यक्रम तथा नीति कार्यविधिहरु वेभसाइड तथा पत्र पत्रिका नियमित रुपमा सार्वजानिक गर्ने गरेको ।
३८. सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको

**कमजोर पक्ष( Weakness)**

१. समान कामको समान ज्याला प्रभाकारी रुपमा कार्यान्वन नभएको ।
२. नपाले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको चस्माले  हेर्ने नगरेको ।
३. लक्षित वर्गको पहिचान तथा सूची तयार नभएको ।
४. लैङ्गिक उत्तरदायि तथा समाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।

५. दीगो विकासको लक्ष्य ५ लाइ तोकेर बजेट विनियोजन नगरिएको
६. नगरपालिकाले आफ्ना नीति नियम कार्यबिधि योजना जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरेको ।
७. लैंगिक समानता तथा सामाजिक समावेशीकरण अनुसारको कार्यविधि तयार नभएको ।
८. लक्षित तथा गरीवको अद्यावधिक खण्डीकृत तथ्याङ्क पालिकामा नभएको
९. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल हुने नगरेको
१०. योजना तर्जुमा प्रक्रियामा लैससासको दृष्टिकोणवाट विश्लेषण हुने नगरेको
११. नगरपालिकामा लैङ्गिक डेक्सको स्थापना नभएको ।
१२. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण नभएको
१३. वडास्तरमा महिला कानूनी सचेतना सम्वन्धी क्रियाकलापहरु नभएको
१४. स्थानीय तहका सवै पदाधिकारीहरु लाई कानूनको मस्यौदा तर्जुमा तथा प्रक्रियाका वारेमा अभिमुखीकरण नभएको
१५. महिला हिंसा विरुद्द्ध शून्य सहनशीलताको नीति तथा व्यवहारमा प्रभावकारी नदेखिएको
१६. लैङ्गिक हिंसा मुक्त पालिका घोषणा हुन नसकेको
१७. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधिहरुका वारेमा नियमित अभिमुखीकरण हुन नसकेको
१८. लैङ्गिक संवेदनशील भाषाको जानकारी तथा प्रयोग नभएको
१९. दक्ष श्रमिकहरुको अभाव (सिकर्मी डकर्मी नकर्मी प्लम्विङ )
२०. सार्वजानिक स्थल तथा कार्यालयहरुमा अधिकांशमा स्तनपान गृह नभएको
२१. गर्भवती महिलालाई जोखिम तथा खतरायुक्त काममा नलगाउने नीति तयार नभएको
२२. निराक्षर महिलाहरुका लागि विशेष कार्यक्रम नभएको ।
२३. लैससास सम्वन्धी सरोकारवाला निकाय बीच संयन्त्र निर्माण नभएको तथा साथै अनुशिक्षण नभएको
२४. योजना तथा कार्यक्रमको लैससाका प्रावधानका आधारमा अनुगमन मूल्याङ्कन हुने नगरेको
२५. नगरपालिकाको समीक्षा वैठकमा महिला लगायत सवै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा लक्षित कार्यक्रम उपर छलफल हुने नगरेको ।
२६. नीति नियम ऐन कानून कार्यविधि तयार गरिएको तर धेरैजसो कानून कार्यविधिहरु राजपत्रमा प्रकाशन नभएको ।

**अवसरहरु (opportunities)**

१. विभिन्न जातजाती, समुदाय बीच सामाजिक र सांस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त अवसर रहेको ।
२. समान कामको समान ज्याला प्रभावकारी रुपमा कार्यान्वन गरी उल्लेखनीय र दीर्घकालीन सफलता प्राप्त गर्न सकिने

३. कानून कार्यान्वनयका आधारमा उत्कृष्ट शाखा तथा वडाहरुलाई पुरस्कृत गरी निर्माण भएका कानूनहरुको व्यावहारिक पक्षको अध्यन विश्लेषण गर्ने सकिने ।

४. आवश्यक पर्ने कानून नीति नियम आफै वनाउन सकिने

५. लक्षित वर्गका कार्यक्रम सञ्चालनका लागि गैससको सहयोग प्राप्त गर्न सकिने ।

६. यूवा कर्मचारीको वाहुल्यता रहेको यो नगरपालिकामा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गीण हितमा प्रयोग गर्न सकिने ।

७. महिला तथा लक्षित वर्गका कार्यक्रममा महिला तथा लक्षित वर्गवाटै सञ्चालन गर्न सकिने ।

८. लक्षित वर्गको खण्डीकृत डाटा वाट विभिन्न दातृ निकायहरुवाट कार्यक्रम प्राप्त गर्न सकिने ।

९. महिला बालबालिका तथा ज्येष्ठ नगारिक शाखा मार्फत विस्तृत कार्ययोजना वनाई कार्ययोजना वनाउन सकिने ।

१०. नगरपालिका अन्तरगतका सवै कार्यालयहरुमा महिला हिंसा लेङ्गिक विभेद हुन नदिनका लागि लैङ्गिक आचार संहिता निर्माण गरी प्रयोग गर्न सकिने ।

११.वालमैत्री लैङ्गिकमैत्री अपाङ्गमैत्री जस्ता विकास मोडलहरु सञ्चालन गर्न सकिने ।

१२.लैङ्गिक हिंसा मुक्त नगर घोषणा गर्न सकिने ।

१३.स्वास्थ्य वीमा कार्यक्रमलाई सवै घरधुरीमा पुर्याउन सकिने

१४.सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसुतिको व्यवस्था मिलाउन सकिने ।

१५.विद्यालयहरुमा शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने ।

१६.सुफत मूल्यका सहकारी पसलहरु सञ्चालन गरी महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने

१७.आवास क्षेत्रको विकास गरी झापा तथा अन्य तराइका जिल्लाहरुमा गर्मीले छटपटाएका मानिसहरुलाई सशुल्क आवास व्यवस्थापन गरी पर्यटन विकास गर्ने सकिने ।

१८.निराक्षर जनसंख्या पत्ता लागई तत्काल साक्षरता सम्वन्धी कार्यक्रम सञचालन गरेर पूर्ण साक्षार नगरपालिका वनाउन सकिने

१९.संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा आर्थिक सामाजिक मानवीय तथा भौतिक विकासका कामहरु गर्न सकिने ।

२०.कृषि प्रदान नगर भएको हुनाले कृषि प्रवर्द्धन र कृषकहरुलाई सम्मानित गरी व्यावसायिकीकरणलाई जोड दिन सकिने

२१.तराइसंग अत्यन्तै नजिक दुरी रहेको हुनाले कृषि उत्पादनको वजार जति पनि विस्तार गर्न सकिने ।

२२.अनुगमन मूल्याङ्कन लाई सहजै कार्यान्वयन गर्न सकिने सवै वडा सम्म सडक संजाल भएको ले आवश्यकता अनुसार जुनसुकै समयमा पनि अनुगमन गर्न सकिने ।

**चुनौतिहरु (Threats)**

१. छुवाछूत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कुमान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता ।
२. मागमा आधारीत अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकीकरण गर्ने  नीति वनाउन कठीन
३. संघीयता कार्यान्वयनमा स्थानीय तहलाई छूटै सरकारको मान्यता पाउननै कठीन
४. गरीवी मापनका सूचकहरु निर्माण गर्न ।
५. घरभित्रको विना पारिश्रमिकको कामको मूल्याङ्कन गर्न ।
६. निर्माण भएका कानून कार्यविधि कार्यान्वन गर्न ।
७. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातिगत छूवाछूत, घरेलु हिंसा ) को अन्त्यका लागि विभिन्न कार्यक्रम हरु सञ्चालन गर्न
८. मोवाइल को दुरुपयोग र बाल बालिकाको सानै उमेरमानै व्यापक प्रयोगले बाल प्रेमविवाह तथा परिपक्क उमेरमा पुग्दा  सम्वन्ध विच्छेद हुने संभावना वढ्दै गएको ।
९. कार्यालयमा पर्याप्त कर्मचारी नभएको र  संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन
१०.कृषि प्रति यूवा लाई आकर्षित गर्न कठीन वन्दै गएको ।
११.सामाजिक सञ्जाल मार्फत हुन सक्ने भ्रमहरु चिर्नका लागि आवश्यक प्राविधि जनशक्ति व्यवस्थापन गर्न कठीन ।

## ७.२.सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा सम्पर्क हुने ।दोश्रो माद्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ ।

| **सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु )** | **दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु )** | **अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु )** |
|---|---|---|
| महिला तथा बालबालिका शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं १ |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश  योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश प्रशिक्षण केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमि व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा  समूहहरु | संघीय मन्त्रालयहरु |

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| युवा तथा खेलकुद शाखा | ज्येष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लिम आयोग |
| गाउँ / नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ / नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनीतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माद्यमहरु | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

## ७.३. लक्षितवर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ।

| | | |
|---|---|---|
| १. महिला / एकल महिला | २. दलित | ३. बालबालिका |
| ४. अपाङ्गता भएका व्यक्ति | ५. ज्येष्ठनगारिक | ६. लैङ्गिक तथा यौनिक अल्पसंख्यक |
| ७. अति विपन्न वर्ग | ८. लेप्चा जाती | ९. किसान |
| १०. आदिवासी जनजाति | ११. मजदुर | १२ द्वन्द्वपीडित |
| १३ सुकुम्वासी | १४ मधेसी | |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट यो सूर्योदय पालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन। वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौति संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ। धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ।

## ७.४.लक्षितवर्ग प्राथमिकीकरण र सवाल पहिंचान

सूर्योदय नगरपालिकाको हकमा माथि उल्लेखित लक्षित वर्गहरुको प्राथमिकता तथा उनीहरुका मुख्य सवालहरु पहिचान गरिएकोछ । जसलाई विस्तृत रुपमा निम्नानुसार प्रस्तुत गरिएकोछ ।

१. <u>महिला (एकल महिला)</u>

- नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्वीकार गर्न नसक्नु

- महिलाहरुको योजना तर्जुमा प्रक्रियामा अर्थपूण सहभागितामा कमी।
- अधिकांश महिलालाई आफ्नो अधिकार र कानुनबारे जानकारी नहुनु।
- गर्भवती महिलालाई स्वास्थ्य सेवा सम्बन्धी सूचनामा पहुँच तथा पोषण सम्बन्धी जानकारी नहुँदा स्वास्थ्यको जोखिममा पर्नु।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, बलात्कार तथा यौनजन्य दुर्व्यवहार र बिभेदबाट पीडित हुनु।
- पुरुष प्रधान समाज तथा परम्परागत सोचका कारण लैङ्गिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु।
- आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण कमी।
- शिक्षामा समान पहुँच नहुनु।
- कार्यलयहरुमा लैङ्गिकमैत्री संरचना तथा ब्यबहारको कमी।

२. <u>दलित</u>

- छुवाछुत विद्यमान रहनु ।
- दलित र गैह्रदलित बीचको विवाहलाई समाजले सहज स्वीकार गर्न नसक्नु ।
- नेतृत्व तहमा पहुँच नहुनु ।
- दलित जाती भित्रै पनि छुवाछुत विद्यमान रहनु ।

३. <u>बालबालिकाहरु</u>

- बालविवाह कायमै रहनु र बालविवाहलाई समाजले सहजै स्वीकार गर्नु ।
- बालमैत्री संरचना, व्यवहार, खेल मैदान, बाल उद्यानहरु कम हुनु।
- स्तनपान कक्ष सबै सार्वजनिक स्थानमा नहुनु।
- बलिकाहरुमा आत्मरक्षा सीप नहुनु।

४. <u>अपांगता भएका ब्यक्ति</u>

- समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु।
- अपहेलना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यबहारको शिकार हुनु।
- मानसिक स्वास्थ्य समस्याको सिकार हुनु।
- अपाङ्गमैत्री संरचनाको कमीले सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमी हुनु।
- समान शिक्षाको अवसरबाट बञ्चित।
- रोजगारीमा पहुँच कमी।

५. <u>ज्येष्ठ नागरिक</u>

- सूचनामा पहुँच कमी।
- उचित पालनपोषण तथा संरक्षणको व्यवस्था नहुनु साथै कतिपय घरपरिवारबाट बेवास्ता र अपहेलना गरिनु।
- यात्रा तथा कार्यालयमा ज्येष्ठ नागरिक माथि सम्मानजनक व्यवहारको कमी

- स्रोतको पहुँच तथा नियन्त्रण कमी।

६. <u>लैंगिक तथा यौनिक अल्पसंख्यक</u>

- पहिचान हुन नसक्नु।
- खुलेर समाजमा आउन नचाहनु।
- समान अवसरबाट बञ्चित हुनु।
- समाजबाट अपमानजनक व्यवहार तथा बिभेदपूर्ण दृष्टिकोण राख्नु।

७. <u>अति बिपन्न समुदाय</u>

- सीमित जग्गाजमिनबाट जीवन निर्बाह गर्न बाध्य हुनु ।
- रोगहरुको परीक्षण तथा उपचार अभावमा दीर्घकाल सम्म समस्याग्रस्त हुनु ।
- आर्थिक अभावका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित हुनु
- अशिक्षा र चेतनाको कमीका कारण बालविवाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु।
- निर्णायक तहमा सहभागिताको पहुँच न्यून हुनु ।

८. <u>अल्पसंख्यक (लेप्चा जाती)</u>

- समाजमा न्यून उपस्थितिका कारण भाषा कला साहित्य संरक्षणमा कमी
- सामुदायिक तथा राजनीतिक नेतृत्वमा पहुँच नहुनु

९. <u>किसान</u>

- कृषि पेशामा लागेकाहरुको पेशागत सम्मान नहुनु
- कृषिमा यूवाहरुको आकर्षण नहुनु
- वास्तविक किसानहरुका माग न्यूनरुपमा मात्र संवोधन हुनु
- उत्पादकले मूल्य निर्धारण गर्न नपाउनु र विचौलियाहरुको बोलवाला चल्नु ।

**१०. आदिवासी जनजाती**

- भाषा कला संरक्षणको अभाव
- परम्परागत सीप शैली भेषभुषाको लोप हुदै जानु

**११. मजदुर**

- न्यूनतम पारिश्रमिक
- जोखिमयुक्त काम
- दुर्घटना बीमा नहुनु
- सम्मानित पेशा नहुनु

**१२. द्वन्द्वपीडीत**

- द्वन्द्वपीडितहरुको उचित व्यवस्थापन तथा सामाजिक सम्मान नहुनु

- रोजगारीका अवसरहरु नपाउनु

१३. सुकुम्बासी

- स्थायी वसोवासको व्यवस्था नहुनु
- हालसम्म सरकारद्वारा जग्गाको धनी प्रमाणपूर्जा प्राप्त गर्न नसक्नु
- सामाजिक रुपमा सम्मान पाउन नसक्नु ।

## ८. दीर्घकालीन सोच

"सूर्योदय नगरपालिकाको समृद्दता, सबै तहमा समावेशीकरण र लैङ्गिक समानता"

## ९. लक्ष्य

समानुपातिक, समावेशी तथा समतामुलक विकासको माद्यमवाट वहीस्करणमा परेको वर्गलाई विकासको मूलप्रवाहमा ल्याउने।

## १०. उद्देश्य

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा मूलप्रवाहीकरण गरी स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छनः

१०.१.लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत सूर्योदय नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समूहहरुलाई समाबेशी गरी, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने।

१०.२. सूर्योदय नगरपालिका एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरुमा महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गर्ने र स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

१०.३.लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, गैरसरकारी निकाय आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

१०.४.सूर्योदय नगरपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

## ११. नीति

११.१."सूर्योदय" नगरपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी ती योजना तथा कार्यक्रमहरु महिला र सीमान्तकृत समूहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गर्दै मूलप्रबाहीकरण र शसक्तिकरण गर्दै लैजाने (उद्देश्य १०.१ संग सम्बन्धित)।

११.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट देखिएका कमी कमजोरीहरुको संवोधन सहित. लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा लक्षित समुदायको वित्तीय श्रोतमा पँहुच अभिबृद्धि गरिनेछ। (उद्देश्य १०.१ संग सम्बन्धित)।

११.३ "सूर्योदय" नगरापालिका, सेवा प्रदायक निकाय तथा अन्य सरोकारवाला संस्थाहरुद्वारा गरिने योजना तर्जुमा प्रक्रियामा महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि मार्फत स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने। (उद्देश्य १०.२ संग सम्बन्धित)।

११.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवैसरोकारवालहरुको विवरण अद्यावधिक गरी नियमित र प्रभावकारी समन्वय र सहकार्य गर्दै लैजाने ।(उद्देश्य १०.३ संग सम्बन्धित)।

११.५ सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास मैत्री प्रावधानहरु समावेश गरी मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्दै लैजाने । (उद्देश्य १०.४ संग सम्बन्धित)।

## १२. रणनीति

### १२.१ मूलप्रवाहीकरण

क. स्थानीय तहमा महिला, बालबालिका तथा गरीब र बहीस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत बहीस्करणमा परेका समुदायहरुको सवाल र समस्या पहिचान गरी, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरी उनीहरुको समग्र स्थानीय विकासको प्रक्रियामा मूलप्रबाहीकरण गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकाको संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी लैङ्गिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रवाहीकरण गर्ने।

### १२.२ सशक्तिकरण

बिकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पिछ्डाबर्ग,असक्त, गरीब, महिला, आदिबासी जनजाती,, दलित, मुस्लिम,, अल्पसंख्यक आदिको यो नगरापलिकाको समग्र विकास, सेवाप्रवाह तथा शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराउनको लागि सशक्तिकरण गर्ने ।

### १२.३ क्षमता बिकासः

क. सूर्योदय नगरपालिका, स्थानीय सेवा प्रदायक तथा सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने।

ख. स्थानीय नागरिक विशेष गरी लक्षित समूहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक विकास गर्ने।

**१२.४ समन्वय, सहकार्य र सहजीकरणः**

क. लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार , बिभिन्न प्रतिष्ठान, आयोग, आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

ख. लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एवं गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

**१२.५ अनुगमन तथा मूल्यांकन**

क. सूर्योदय नगरपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने ।

ख. सूर्योदय नगरपालिका लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्वन्धमा गरेका निर्णय तथा वनेका कानून कार्यविधिको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरी परिचालन गर्ने।

ग. लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गर्ने।

## १३. कार्यनीति

### १३.१ रणनीति १२.१ सगं सम्बन्धित कार्यनीति

क. योजना र कार्यक्रम चक्रमा लैससासको एकीकृत गरी लैससासमैत्री योजना र कार्यक्रम निर्माण गरिनेछ।

ख. बढी भन्दा बढी जनसहभागिता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गरिनेछ।

ग. सेवा प्रवाह सयन्त्र र प्रक्रिया लैससास मैत्री हुनेगरी सुधार एवम विकास गरिनेछ।

घ. लैङ्गिक उतरदायी बजेट तर्जुमा तथा लैंङ्गिक लेखाजोखा बिधिलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याईने छ।

ङ. लेप्चा जातीको भाषा संस्कार संस्कृतिको संरक्षण गर्दै उनीहरुलाइ विकासको मूलधारमा ल्याउन उत्प्रेरित गरिने छ ।

च. नगरपालिकाको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, दलित तथा पिछडा वर्गका लागि विद्यमान प्रावधानहरू र नगरपालिकाको जिम्मेवारीका सम्बन्धमा सु—सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एव निरन्तर रुपमा सञ्चालन गरिनेछ।

छ. लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद् अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागु गरिनेछ ।

ज. आवाधिक र बार्षिक योजना तर्जुमामा लैङ्गिक उत्तरदायी वजेट निर्माण गरी सोको कार्यन्वयन गरिनेछ।

झ. लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गरिनेछ।

ञ. लैङ्गिक उत्तरदायी वजेटलाई प्रभावकारी कार्यान्वयनका लागि नीति निर्माणकर्ता र कार्यान्वयनकर्ता हरुको क्षमता विकास गरिनेछ।

ट. लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समिति मार्फत नगरपालिकाको बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गरिनेछ।

ठ. लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क र सूचनालाई व्यवस्थित र अद्यावधिक गर्ने प्रणाली स्थापित गरिनेछ।

ड. सूर्योदय नगरपालिकाका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धी सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिने छ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गरिनेछ।

ढ. सूर्योदय नगरपालिकाका प्रतिबेदनहरुमा लैङ्गिक उत्तरदायी वजेट मापन तथा लैससास परीक्षणका प्रतिबेदनहरु समाबेश गर्ने व्यबस्थालाई संस्थागत गरिने छ र यसमा भएको उपलव्धिको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरुलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गरिनेछ।

## १३.२ रणनीति १२.२ संग सम्बन्धित कार्यनीतिहरु

क. खण्डीकृत तथ्यांक र सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरी गरिब तथा बन्चितीकरणमा परेका समूहको पहिचान गरिनेछ।

ख. सुर्योदय नगरपालिकाले निर्माण गरेका बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको लैससास दृष्टिकोणबाट पुनरावलोकन तथा आबश्यक्ता अनुसार निर्माण गरिनेछ।

ग. विपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तीय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरी कार्यन्वयन गरिनेछ।

### १३.२.१ संस्थागत ब्यबस्था

लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ।

### १३.२.१.१ सामाजिक विकास शाखा र यसको काम तथा कर्तब्यः

यस शाखाले लैङ्गिक समानता तथा सामाजिक सुरक्षा, वालवालिका किशोर किशोरी तथा यूवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा नियमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धित कामहरू गर्नेछ। साथै यस नगरपालिकामा यस शाखा मार्फत निम्न थप कार्यहरु गरिनेछनः

क. सूर्योदय नगरपालिकाका महिला, वालवालिका तथा वञ्चितिमा परेका समुदायको खण्डीकृत तथ्याङ्क सङ्कलन एवम विश्लेषण गरिनेछ।

ख. महिला र अन्य सीमान्तकृत समूहको हक सम्वन्धी नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गरिनेछ।

ग. लैससासको प्रवर्द्धन र विकासका लागी योजना तथा कार्यक्रम बनाई लागू गरिनेछ।

घ. सहभागितामुलक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समूहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गरिनेछ।

ङ. महिला र अन्य सीमान्तकृत समूहको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गरिनेछ।

च. लैङ्गिक हिंसा नियन्त्रणकालागि निरोधात्मक, प्रबर्द्धनात्मक,संरक्षणात्मक उपायहरु अवलम्वन गरिनेछ।

छ. लैङ्गिक पक्ष सम्वन्धी गुनासो व्यवस्थापन संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ।

ज. कार्यक्रमको अनुगमन र मूल्यांकन स्थानीय तहको कार्यक्रम एवम संस्थागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नियमित रुपमा गरिनेछ।

झ. सञ्चार माध्यमबाट लैससास सम्बन्धी संदेशहरूको प्रचार प्रसार, प्रवर्द्धन र संरक्षण गरिनेछ।

ञ. महिला एवम वञ्चितिमा परेको वर्गहरुको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारीमा वृद्धि गरिनेछ।

ट. कार्यस्थलमा हुने हिंसाजन्य गतिविधिहरुलाई निरुत्साहित गरिनेछ।

ठ. लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरीत गरिनेछ ।

ड. सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्याङ्कन गरिनेछ ।

ढ. संविधान तथा दिगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई परिचालन गरिनेछ।

ण. योजना अधिकृतहरूलाई विभिन्न सामाजिक पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण तथा संरचित विभेदलाई न्यून गर्ने खालका कार्यक्रम तथा आयोजनाहरूको विकास गर्न अभिप्रेरित गरिनेछ।

त. निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारीत विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, हेरचाह सम्बन्धी कार्यबोझको न्यूनीकरणका उपायहरूको पहिचान गर्ने, पुरुष तथा बालकहरूसँग र सुविधासम्पन्न सामाजिक समूहसँग काम गरिनेछ।

थ. लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराइनेछ।

द. लैससास शाखा चलायमान बनाउनका लागि लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person) लाई क्षमता विकास गरी थप कार्यबिबरण तोकिनेछ।

ध. नगरपालिकामा कार्यरत महिला कर्मचारीहरु र सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैङ्गिकमैत्री शौचालय र स्तनपान कक्षको ब्यबस्था गरिनेछ।

न. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरुका बिषयमा अभिमूखीकरण मार्फत जानकारी गराई सेवा प्रवाह प्रक्रियालाई लैंङ्गिक तथा सामाजिक समाबेशीमैत्री बनाइनेछ।

प. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानूनी व्यवस्था बारे जनप्रतिनिधि लगायत कर्मचारीहरुमा अभिमूखीकरण गराई लैङ्गिकमैत्री ब्यबहारका लागि प्रोत्साहित गरिनेछ।

फ. वडास्तरका सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको सहभागिता हुनेगरी गठित टोल विकास समिति मार्फत योजना तर्जुमा प्रक्रियामा र सामुदायिक विकासका कार्यमा क्रियाशील बनाइनेछ ।

ब. नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा कुनै एक पदमा महिला प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

भ. नगरपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ वितरणमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाती, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पिछडा वर्ग समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत नगरपालिकाको सबै क्षेत्रको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

म. नगरपालिकाको गरीबी नक्सांकन साथै लैङ्गिक तथा सामाजिक समाबेशी हिसावले खण्डीकृत तथ्यांक संकलन, बिश्लेषण र अद्यावधिक गर्नका लागि सूचना शाखाको प्रभावकारी व्यवस्थापन मार्फत सूचना प्रणालीलाई व्यवस्थित र क्रियाशील बनाउने।

### १३.२.१.२ बिभिन्न समितिहरुको गठन

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशील भई नगरपालिकाको नियमित शासन पद्धति तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैङ्गिक तथा समाबेशीमैत्री बनाउन नगरपालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधिहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैंङ्गिक समानता तथा सामाजिक समाबेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखीकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ। पालिकामा क्रियाशील सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरीत गरिनेछ। संविधान अनुसार स्थानीय सरकाले विभिन्न समितिहरु गठन गरी यस रणनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरी निम्नानुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गरिनेछ।

**क. <u>लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिः</u>**

"सूर्योदय"नगरपालिकामा तपशील अनुसार संयोजक र सदस्य रहने गरी लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१ नगरपालिकाको प्रमुख —संयोजक

२ नगरपालिकाको उप प्रमुख — सदस्य

३ प्रमुख प्रशासकीय अधिकृत — सदस्य

४ कार्यपालिकाको सदस्यहरु मध्येवाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना — सदस्य

५ गैसस/ सामुदायिक संघ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका तीन जना — सदस्य

६ सम्वन्धित स्थानीय तहको महिला बालबालिका तथा ज्येष्ठ नगारिक शाखा प्रमुख— सदस्य सचिव

**ख. <u>लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u>**

१. नगरपालिका भित्रको लक्षित वर्गको खण्डीकृत तथ्याङ्क सङ्कलन एवम विश्लेषण गर्ने।
२. लैङ्गिक,आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने।
३. संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने।

५. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

६. नगरपालिकाको नियमितरुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्ने।

७. लैससाससंग सम्बन्धित अन्तराष्ट्रिय सन्धि, संझौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यन्वयन गर्ने गराउने।

८. नगरपालिकामा क्षेत्र भित्र लैससाससंग सम्वन्धी काम गर्ने संघ—संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

९. नगरपालिकामा लैससाससंग सम्बन्धित विषय बस्तु हेर्नलाई लैससास शाखा वा डेस्कको व्यवस्था गर्ने।

१०. बैठक सञ्चालन तथा नियमित काम कार्यवाहीका लागि उल्लेखित समितिले आवश्यक कार्यविधि वनाई परिचालन गर्न सक्ने ।

## ग. वडास्तरीय समिति

सूर्योदय नगरपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका संयोजक तथा सदस्यहरु रहने छनः

१. सम्वन्धित वडाको वडा अध्यक्षः -संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरुः -सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनीत गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरुः –सदस्य

४. वडास्तरीय बाल सञ्जालको अध्यक्ष –सदस्य

५. सम्वन्धित वडाको वडा सचिवः -सदस्य सचिव

## घ. वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः

१. वडा भित्रको लक्षित समुदायको **खण्डीकृत तथ्याङ्क** सङ्कलन गर्ने।

२. वडाभित्र योजना छनौट प्रक्रियामा लक्षित समुदायको सहभागिता अनिवार्य गर्ने।

३. वडा भित्रको लक्षित समुदायको संरक्षण सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणकाको लागि कार्यक्रम वनाई नगरपालिकामा पेश गर्ने।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

## १३.३ रणनीति १२.३ संग सम्बन्धित कार्यनीतिहरु

क. लैससासका लागी सस्थागत र व्यक्तिगत दुबै क्षमता विकासका क्षेत्रहरू पहिचान गरी कार्यन्वयन गरिनेछ।

ख. स्थानीय सरकारको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघसंस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा समेटिने छ।

ग. सबै समुदायका विपन्न महिला, पुरुषहरू, यूवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम अन्तरक्रियाबाट सार्वजनिक बस्तु तथा सेवा सुविधा तथा वित्तीय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी स्थानीय तहको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा पिछडा वर्गका लागि विद्यमान प्रावधानहरू र स्थानीय निकायहरूको जिम्मेवारीका सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम निरन्तर सञ्चालन गराईने छ।

घ. लैससास सम्बन्धी जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यन्वयन गरिनेछ।

ङ. नगरपालिकाका प्रमुख एवम राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाइनेछ।

च. लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याईनेछ।

छ. प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईने छ।

ज. स्थानीय सरकारले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

झ. लैससास सम्बन्धी असल अभ्यास छनौट गरी सो को प्रचार प्रसार गर्न उत्प्रेरीत गरिनेछ।

ञ. लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तदअनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरीत गर्ने र कार्यसम्पादन मूल्याङ्कनमा यसलाई पनि आधार बनाउन बिधि तय गरिनेछ।

## १३.४ रणनीति १२.४ संग सम्बन्धित कार्यनीति

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू, विकास साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच निम्नानुसार साझेदारी तथा सहकार्य गरिनेछ।

केन्द्रीय तथा प्रादेशिक सरकार संग

- लैससासलाई राष्ट्रिय नीतिहरुमा एकीकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गरिने छ।
- लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण दिने व्यवस्था मिलाईने छ ।
- लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससंग समन्वय कायम गरिनेछ।
- लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा समावेशीकरण बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

विकास साझेदारी सस्थाहरु संग

- केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरुको लैससास सम्बन्धी बाधा र क्षमता विकास अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गरिनेछ।
- लैससास लाई केन्द्र देखि स्थानीय तहसम्म एकीकृत गरी अनुगमन, मूल्याङ्कन र रिपोर्टिङ गर्ने प्रक्रियामा सहयोग र साझेदारी गरिनेछ।
- यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, प्रदेश एवम स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गरिनेछ।

लक्षित समूह संग

- खास—खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराइनेछ
- पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गरी कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गरिनेछ।

नागरिक समाज गैसस तथा निजी क्षेत्र संग

- महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुर्याउन समन्वय र सहकार्य गरिनेछ।

स्थानीय समुदाय

- यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गरिनेछ।
- आफ्नो बस्ती तहका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राखिनेछ।
- लैससास दृष्टिकोणबाट योजना प्रगति एवम चुनौतिहरूको आफै अनुगमन गरिनेछ।

- महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गरिनेछ।

## १३.५ रणनीति १२.५ संग सम्बन्धित कार्यनीतिहरु

क. नगरपालिका अन्तर्गत सञ्चालन भएका योजना तथा कार्यक्रम र सूर्योदय नगरपालिका स्वयम लैससास प्रति उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरी अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

ख. सूर्योदय नगरपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याङ्कन प्रणालीमा सुधार गरी लैससासमूखी बनाउन उद्देश्य र सूचकहरु लैससासका आधारमा खण्डीकृत गरिनेछ।

ग. खण्डीकृत तथ्याँक सङ्कलन र उपलव्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिबेदनमा खण्डीकृत तथ्याङ्क सम्मिलित प्रतिबेदन पेश गरिनेछ।

घ. महिला तथा बालबालिका शाखाद्वारा लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याङ्कन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखीकरण गरिनेछ र सो बाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गरिनेछ ।

ङ. महिला तथा बालबालिका शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यवधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यवस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिइनेछ।

च. नगरपालिकामा गठित सूपरीबेक्षण तथा अनुगमन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन महिला बालबालिका शाखा र लैससास कार्यान्वयन समितिको सहकार्यमा लैससास सम्बन्धी सूचकहरुको पहिचान गर्ने, अनुगमन तथा मूल्याङ्कन ढाँचामा समाबेश गर्ने, खण्डीकृत प्राराम्भिक तथ्याङ्क सङ्कलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग–निर्देशन गर्ने र सोका लागि अभिमूखीकरण गरिनेछ।

छ. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गरिनेछ। यी क्रियाकलापहरुमा लक्षित समुदायको अर्थपूर्ण सहभागितामा सुनिश्चित गरिनेछ।

## १४. रणनीति पुनरावलोकन तथा सुधार

यस रणनीति कार्यवनयनको प्रभावकारीता, उपयुक्तता र उपदेयताको मूल्याङ्कनलाई आवश्यता अनुसार पुनरावलोकन तथा सुधार गरिनेछ।

## १५.वित्त व्यवस्थापन

माथि उल्लेखित कार्यनीतिहरु कार्यान्वयन गर्न वित्तको आवश्यकता पर्छ। स्थानीय तहहरुले **SUTRA** मार्फत नै वजेट व्यवस्थापन गर्दैआएको देखिन्छ। लैङ्गिक उत्तरदायी बजेटलाइ प्रभावकारी रुपमा अनुसरण गरी यसका लागि हाल सञ्चालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।

ख. भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरी योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## १६. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि सूर्योदय नगरकार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ। यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि नगरपालिकाले ६ महिना भित्रमा तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लैजाने छ तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन।

## १७. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी नगरपालिका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ भने तथा वडामा वडा स्तरी

लैससास कार्यन्वयन तथा अनुगमन समितिको हुनेछ। यस नगरपालिका अन्तरगतका कार्यालयहरुले सवै क्रियाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका क्रियाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालीन समिति निर्माण गरी रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न र समावेश गर्न सकिनेछ।

## १८. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १८.१ .संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ

क. पितृसत्तात्मक तथा सामान्ती सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशी मूलप्रवाहीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सीमितता हुनसक्छ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु बीच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्छ।

### १८.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने।

ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने।

ग. स्थानीय तहका हरेक वैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने।

## १९. लैससास मूलप्रवाहीकरणमा रणनीतिका विस्तृत शब्दावली (Glossary)

सूर्योदय नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिमा प्रयोग भएका विभिन्न शव्दावली हरु (जसको वर्णन आवश्यक छ ) निम्नानुसार प्रस्तुत गरिएको छ ।

| शव्दावली | वर्णन |
|---|---|
| पहुँच | सेवाहरू, अवसरहरू, वस्तु तथा स्रोत-साधन प्राप्त गर्न सक्ने वा तिनबाट लाभ लिन सक्ने विभिन्न लैङ्गिक समूहहरूको योग्यता। |
| बहुपक्षीय सरोकारवाला | आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण, विपद व्यवस्थापन, सुशासन र उत्तरदायित्व सबै क्षेत्र संग सम्वन्धित काम गर्ने पक्षहरु । |
| खण्डीकृत तथ्याङ्क | जात वर्ग लिङ्ग क्षेत्र पेशा उपलव्ध सेवा सुविधा पहुँच आदि सबै संख्यात्मक रुपमा खुल्ने गरी छुट्याएको विवरण |
| लैङ्गिक मैत्री | लिङ्गका आधारमा पछाडी पारिएका वर्ग (विशेष गरी महिला तथा लैङ्गिक र यौनिक अल्पसंख्यक) हरुका लागि सहज हुने गरी निर्माण गरिएको । |
| सामाजिक परीक्षण | वार्षिक रुपमा छुट्टै परमार्शदाताको संलग्नतामा कार्यक्रम तर्जुमा, सञ्चालन, प्राप्त उपलव्धि र त्यसले पारेको प्रभाव सम्मको लेखाजोखा गरी सरोकारवाला (सेवा प्रदायक तथा सेवा ग्राही ) समक्ष प्रस्तुत गर्ने परिपाटी । |
| सीमान्तकृत समूह | आर्थिक सामाजिक राजनैतिक शैक्षिक सबै क्षेत्रमा पछाडी रहेको समूह । कुनै विशेष जाती भित्र पनि सीमान्तकृत समूह हुन सक्छ । नेपाल सरकारद्धारा मान्यता दिएको ५९ वटा जनजातिलाई पनि विभिन्न सूचकहरूको आधारमा सङ्कटापन्न समूह (Endangered groups), अति सीमान्तकृत समूह (Highly marginalized groups), सीमान्तकृत समूह (Marginalized groups), अवसरबाट बन्चितसमूह (Disadvantaged groups) र अग्रवर्ती (विकसित) समूह (Advanced groups) मा विभाजन गरिएको छ |
| लैङ्गिकतामा आधारीत हिंसा | पुरुष तथा महिलाहरू बीच सामाजिक रुपमा खडा गरिएको विभेदमा आधारीत रहेर कुनै व्यक्तिको इच्छा विपरीत गरिने कुनै पनि हानिकारक कार्यलाई बुझाउने एउटा साझा शब्दावली। यस अन्तर्गत भौतिक, यौनिक, मानसिक हानी गराउने वा जबरजस्ती तथा स्वतन्त्रताबाट विमुख गराउने अन्य धम्कीपूर्ण कार्यहरू पर्दछन्। लैङ्गिकतामा आधारीत हिंसा सार्वजनिक वा निजी रुप/स्थलमा प्रकट हुन सक्दछ। |
| लैंगिक मूलप्रवाहीकरण | नीति, योजना, बजेट तथा कार्यक्रम, रणनीति र प्रशासनिक/वित्तीय क्रियाकलापहरूमा महिला तथा पुरुषहरूका चासो र आवश्यकताहरू पहिचान तथा संवोधन गर्ने एउटा प्रक्रिया। |

| शव्दावली | वर्णन |
|---|---|
| लैंङ्गिक आवश्यकता | पुरुष तथा महिलाहरूको सापेक्षिक अवस्था/स्थितिका कारण उत्पन्न आवश्यकताहरू। यस्ता आवश्यकता **व्यवहारिक** (जस्तो कि खाद्यान्न वा आश्रयस्थल) वा **रणनीतिक** किसिमका (जस्तो कि कानूनी अधिकार, सीप विकास वा नेतृत्वसीप तालिम) हुन सक्दछन्। |
| लैङ्गिक भूमिका | समाजले पुरुष तथा महिलाहरूका लागि निर्धारण गरेको फरक-फरक कर्तव्य तथा जिम्मेवारीहरू।लैङ्गिक भूमिका संस्कृति, परिवेश तथा समयअनुसार फरक-फरक हुन्छन् ।यो प्रजनन भूमिका, उत्पादनमूलक भूमिका, सामाजिक वा राजनीतिक भूमिका |
| वञ्चितीकरणमा परेको समूह | सीमान्तीकरण अन्तरपुस्तागत र पद्धतिगत हुन्छ जुन निम्न कुराहरूमा आधारीत हुन्छः (क) लैङ्गिकतामा आधारीत (ख) गरिबीमा आधारीत(ग) जात, जाति, धर्म, भाषा (घ) अपांगता तथा शारीरिक वा मानसिक बिरामी। यसर्थ, यसले निम्न क्षेत्रहरूमा सीमान्तीकरण बढाउँदछ (क) आर्थिक बञ्चितीकरण (ख) राजनीतिक विभेद (ग) सामाजिक विभेद।यी अनुभवहरूले उनीहरूका सामाजिक परिवेश र आवाजलाई धूमिल बनाउँदछ साथै आधारभूत सेवाहरू, आम्दानी र रोजगारीका अवसरहरूमा समान पहुँचको अभाव।" नेपाली समाजमा सीमान्तीकृत/बञ्चितीकृत समुदायललाई निम्नअनुसार चिनिन्छः<br>जात/जातीयताः दलित, पछाडी परेकाहरु र आदिवासी जनजाति ,भूगोल, क्षेत्र, भाषा, गरिवी, भूमिहीन |
| बहुआयामिक गरिबी | बहुआयामिक गरिबीले विपन्न समुदायले दैनिक जीवनमा भोग्नुपरेका विभिन्नखालका बञ्चितीकरणहरूलाई समेट्दछ । जस्तो कि— कमजोर स्वास्थ्य, शिक्षा, कमजोर जीवनस्तर, सशक्तिकरणको अभाव, कार्यमा कमजोर गुणस्तर, हिंसाको धम्की, वातावरणीय रुपमा असुरक्षित क्षेत्रमा बसोवास र अन्य। |
| बेतलबी काम | घरायसी वा बाह्य खपतका लागि वस्तु तथा सेवाहरू उत्पादन गर्न गरिने ती प्रयासहरूलाई बेतलबी काम भनिन्छ जसलाई बजारमा बिक्री गर्न सकिँदैन। |

## २०.लैससास क्षेत्रमा हालसम्म वनेका नीति कानून कार्यविधिहरु

नेपालको संघीय संरचनाका तीनवटै सरकार (नेपाल सरकार, १ नं प्रदेश सरकार र सूर्योदय नगरपालिका ) ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई प्राथमिकतामा राखेर कानून तथा नीतिहरु निर्माण गरेकाछन हाल सम्म उपलव्ध कानून तथा नीतिहरु निम्नानुसार उल्लेख गरिएकोछ ।

**नेपाल सरकार, महिला बालबालका तथा ज्येष्ठ नगारिक मन्त्रालय, महिला बालबालिका विभाग**

- चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका २०६०
- लैंगिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, कार्यविधि दिग्दर्शन, २०६१
- आपत्कालीन संरक्षण सेवामा महिला विकास कार्यक्रम अन्तरगत प्रवद्धित समूहहरुको परिचालनका लागि मार्गदर्शन अस्पतालमा आधारित एक विसौनी संकट व्यवस्थापन केन्द्र संचालन दिग्दर्शन २०६७
- मुलुकी अपराध संहिता २०७४,
- मुलुकी देवानी संहिता २०७४,
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४,
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५,
- घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६,
- घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७,
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) अचार संहिता २०७४,
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन २०७२,
- अपराध पीडित संरक्षण ऐन २०७५, ज्येष्ठ नागरिक सम्वन्धी ऐन २०६३,
- दलित आयोग ऐन २०७४,
- अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४,
- सामाजिक सुरक्षा ऐन २०७५,
- अपाङ्गता भएका व्यक्ति को राष्ट्रिय नीति ,२०७८(मस्यौदा मात्र)

**प्रदेश सरकार १ नं प्रदेश,सामाजिक विकास मन्त्रालय**

- घरेलु हिंसा सम्वन्धी नियमावली २०७५
- अशक्त असहाय र वेवारिसे मानसिक रोग वा मनोसामजिक समस्या भएको विरामीहरुको उपचार तथा पुनर्स्थापनाको कार्यक्रम सञ्चालन कार्यविधी २०७६
- घरेलु हिंसा सम्वन्धी ऐन २०७५
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७७
- महिला, बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएको व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलव्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७७
- अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा (सञ्चालन) मार्गदर्शन, २०७७
- जेष्ठनगारिक अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन मार्गदर्शन २०७६
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनका लागि मार्गदर्शन २०७६

- बालकल्याण गृहहरुको व्यवस्थापन सहयोग कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७६
- लैङ्गिकक समानता नीति २०७८
- सामाजिक समावेशीकरण नीति २०७८
- लैंगिक समानता कार्यक्रम निर्देशिका २०७९
- बालविवाह अन्त्य गर्ने रणनीति पत्र २०७९

<u>सूर्योदय नगरपालिका सामाजिक विकास शाखा/ न्यायिक समिति</u>

- अपाङ्ग परिचयपत्र वितरण सम्वन्धी कार्यविधि २०७५
- जेष्ठ नागरिक परिचय पत्र विवतरण निर्देशिका २०७५
- न्यायिक समिति कार्यविधि ऐन २०७५

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

## सूर्योदय  नगरपालिका, इलाम




**आर्थिक तथा प्राविधिक सहयोग**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय
प्रदेश प्रशिक्षण केन्द्र प्रदेश नं १
कलबलगुरी झापा

**संयोजन**

सूयर्दय नगरपालिका
इलाम प्रदेश नं १

**सहजकर्ता**

केशबराज ढुंगेल
कृष्णप्रसाद घिमिरे
स्वतन्त्र विज्ञ

# विषय सूची

## १. परिचय खण्ड


१.१ पृष्ठभूमि ........................................ १

१.२. अध्ययनको महत्व ........................................ ३

१.३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका उदेश्यहरु ........................................ ४

१.४. लैससास परीक्षणले समेटेका क्षेत्रहरु ........................................ ५

१.५. लैससास परीक्षणको विधि र तरिका ........................................ ६

१.६. लैससास परीक्षणका सहभागिहरु ........................................ ८


## २. तथ्याङ्क प्रस्तुतीकरण खण्ड


२.१. नगरपालिकाको नामाकरण ........................................ ९

२.२. जातीय आधारमा नगरपालिकाको वनावट ........................................ ९

२.३. नगरपालिकाको लैसासासको वर्तमान अवस्था ........................................ १०


## ३.विश्लेषण खण्ड


३.१. लैससास परीक्षण विश्लेषण औजार ........................................ १२


## ४. उपलब्धि खण्ड


४.१ मूल सूचकका आधारमा उपलब्धि ........................................ १३

४.१.१. नीति कानून योजना ........................................ १३

४.१.२. संस्थागत ब्यवस्था ........................................ १४

४.१.३. मानव संसाधन तथा क्षमता विकास ........................................ १४

४.१.४. सेवा प्रवाह ........................................ १५

४.१.५. सुशासन तथा उत्तरदायित्व ........................................ १७

४.२. सूचक अनुसार प्राप्ताङ्क विवरण ........................................ १७

४.३.प्राप्ताङ्क अनुसारको रेखाचित्र ........................................ २१

४.३.१. उपसूचकहरुको माकुरीजालो चित्र ........................................ २२

४.३.२. उपसूचकहरुको  स्तभ्म चित्र........................................................................२२

४.३.३. मूल सूचकहरुको माकुरीजालो चित्र...................................................................२४

४.३.४. मूल सूचकहरुको  स्तम्भ चित्र.........................................................................२४

४.४. सवलता र दुर्वलताको विश्लेषण.......................................................................२५

४.५. लैससास विकास कार्ययोजना..........................................................................३३

५.सुझावहरु.........................................................................................................५४

६.निष्कर्ष............................................................................................................५५

**अनुसूचीहरु**

१. लैससास परीक्षणका लागि अध्ययन तथा पुनरावलोकन गरिएका सन्दर्भ सामाग्री हरु ।

२. लैससास परीक्षण सम्वन्धी छलफल तथा समन्वयका लागि गठित  कार्यदलको विवरण

३. लैससास कार्यान्वयन समितिको विवरण

४. सूचकअनुसारको प्राप्ताङ्क विवरण

# १.परिचय खण्ड

## १.१ पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ।सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा

पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको; स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था; योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ। यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले **"लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८"** जारी गरेको छ।

प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रदेश तथा स्थानीय तहहरुको निम्ति क्षमता विकास गर्न सहयोग गर्ने एक राष्ट्रिय छाता कार्यक्रम हो । यस कार्यक्रमले प्रदेश तथा स्थानीय तहमा सुशासन सम्वन्धी कार्य गर्ने सबै खाले दातृ निकाय तथा संस्थाहरुको निम्ति समन्वयको साझा ढाँचा तयार गरी कार्यान्वयन गर्न सहजीकरण गर्दछ ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय यो कार्यक्रम सञ्चालन गर्ने कार्यकारी निकाय हो यो कार्यक्रमले ७ वटै प्रादेशिक तथा ७५३ वटै स्थानीय सरकारलाई क्षमता विकासमा सहयोग गर्दछ । यो कार्यक्रम सञ्चालन गर्ने मुख्य निकायको रुपमा प्रदेश प्रशिक्षण केन्द्रहरु रहेका छन । यसै सन्दर्भमा प्रदेश प्रशिक्षण केन्द्र कलवलगुरी झापाले प्रदेश नं १ अन्तरगतका सवै स्थानीय तहहरुको लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण गरी वर्तमान अवस्थाका वारेमा स्पस्ट मार्ग चित्र तयार गर्ने र आगामी दिनमा ती

कमीकमजोरीहरुलाई कसरी संवोधन गर्न सकिन्छ भन्ने रणनीति वनाउने र सवै स्थानीय सरकारहरुलाई लैङ्गिक तथा समाजिक समावेशीकरण मैत्री वनाउने उदेश्यका साथ सवै १३७ वटै स्थानीय तहहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने योजना अनुरुप इलाम जिल्लाको सूर्योदय नगरपालिका को परीक्षण सम्पन्न गरिएकोछ ।

# १.२. अध्ययनको महत्व

समानुपातिक समावेशीताका आधारमा राज्य संरचनाका सवै अंग हरुमा महिला बालबालिका, दलित, आदिवासी, जनजाती, मधेसी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितीकरणका कारण सामाजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहूँचको अन्तरलाई न्यून गर्नु आवश्यक देखिन्छ ।

संघीय सरकार तथा प्रदेश सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्धाहरुलाई नीतिगत तथा कानूनी सुधार गर्दै अग्रता दिइ रहेको सन्दर्भमा यो सूर्योदय नगरपालिकाले समेत यस विषयलाई प्राथमिकतामा राख्नु पर्दछ र आगामी दिनमा तयार गरिने नीति तथा कार्यक्रम र बजेटहरुमा समेत मूल प्रवाहीकरण गर्नुपर्ने देखिन्छ ।सवैको चासो र चिन्तामा लक्षित वर्ग तथा महिलाहरु समेटिए पनि निश्चित कार्यक्रम र नीति तय गरेर कार्यक्रमहरु सञ्चालन भएका छैनन ।त्यसैल यो नगरपालिकाले नियमित रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नु पर्दछ र अभाव देखिएका क्षेत्रहरुलाई आगामी वर्षको नीति तथा कार्यक्रममा समेटेर लैजानु पर्दछ ।

नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएका सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सवै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता सामाजिक साँस्कृतिक ऐक्यवद्धता सहिस्णुता र सद्भावलाई संरक्षण एवम प्रवर्द्धन गर्दै बर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक, विभेद र सवै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता सवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पलाई साकार पार्न सूर्योदय नगरपालिकाको संरचना, राजनैतिक प्रतिनिधित्व, नीति निर्माण र संचालनहुने योजना तथा कार्यक्रमलाई

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउदै राज्यले ब्यक्त गरेको प्रतिवद्धता अनुसार कार्य गर्न संविधानले दिएको अधिकार प्रयोग गरी यो  नगरपालिकाको सवै शाखा तथा कार्यक्रम सञ्चालनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्यान्वयन तथा प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले प्रदेश प्रशिक्षण केन्द्र कलवलगुरी झापा को आर्थिक तथा प्राविधिक सहयोगमा यो  नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएकोछ ।

# १.३. लैससास परीक्षणका उदेश्यहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य  लैससास मूलप्रवाहीकरणका लागि  सूर्योदय नगरपालिकाले लिएका नीति, कार्यक्रम, बजेट, आयोजना, काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्था परीक्षण गरी लैससासलाई संस्थागत रुपमा सबल र सक्षमा बनाउन सहयोग पुर्याउनु हो ।यो परीक्षणका मुख्य रुपमा तत्कालीन र दीर्घकालीन गरी दुई प्रकारका उदेश्यहरु रहेकाछन

**<u>तत्कालीन उदेश्य</u>**

- स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण भए नभएको तथा लैससास आन्तरिकीकरणका लागि गरिएका प्रयास र प्रतिवद्धताको मूल्याङ्कन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्षलाई स्थानीय तहको संरचना, नीति, रणनीति र कार्ययोजनाहरुमा विशेष प्राथमिकताका साथ स्थान दिने र आवश्यक आर्थिक तथा मानवीय श्रोतको सुनिश्चित गर्ने
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको आधारमा समस्या तथा चुनौतीहरूको पहिचान गरी सो समाधान/सम्बोधनका लागि पृष्ठपोषाण दिने र कार्ययोजना तर्जुमा गर्न सहजीकरण गर्ने ।

**<u>दीर्घकालीन उदेश्य</u>**

- स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी लैङ्गिक समानता  संगै सबै जात जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई संवोधन गर्दै लैङ्गिक मूल प्रवाहीकरण, सशक्तिकरण र जातीय क्षेत्रीय वर्गीय समावेशीकरण गर्दै लैजान मार्गचित्र तयार गर्ने।

- महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्धरुमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक र सामाजिक सशक्तिकरण गर्ने ।
- सूर्योदय नगरपालिकाको सवै कार्यक्रम योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट परीक्षण गर्ने र यसलाई संस्थागत गर्दै लैजाने परिपाटीको विकास गर्ने ।

# १.४. लैससास परीक्षणले समेटेका क्षेत्रहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण जम्मा १०० वटा सूचकहरुमा आधारित रहेको छ ।नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको "लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८" मा व्यवस्था भए अनुरुपका १०० वटा सूचकहरुले मुख्य रुपमा ५ वटा मूल सूचक र त्यसभित्र २२ वटा उप सूचकको परीक्षण गरिएका छन । मूल ५ वटा सूचक र २२ वटा उपसूचकहरुको विवरण निम्नानुसार रहेकोछः

| क्र.स. | मूल तथा उप-सूचकहरु | समावेश भएका सूचक संख्या |
|---|---|---|
| १ | **नीति कानून योजना** | **२०** |
| १.१ | *नीति र कानूनमा समावेशिता/सहभागिता* | ८ |
| १.२ | *योजना तर्जुमा तथा कार्यान्वियन* | ८ |
| १.३ | *बजेट तर्जुमा तथा कार्यान्वियन* | ४ |
| २ | **संस्थागत व्यवस्था** | **२०** |
| २.१ | *कर्मचारी पदाधिकारी प्रतिनिधित्व* | ४ |
| २.२ | *कार्यप्रणाली समावेशी* | ४ |
| २.३ | *समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व* | ४ |
| २.४ | *वित्त व्यवस्थापन प्रणालीमा समावेशिता* | ४ |
| २.५ | *तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन* | ४ |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | **२०** |
| ३.१ | *मानव संसाधन तथा क्षमता विकास* | ८ |
| ३.२ | *अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना* | ४ |

| क्र.स. | मूल तथा उप-सूचकहरु | समावेश भएका सूचक संख्या |
|---|---|---|
| ३.३ | *कानूनी साक्षरता* | ४ |
| ३.४ | *विपद व्यवस्थापनमा समावेशिता* | ४ |
| ४ | **सेवा प्रवाह** | **२०** |
| ४.१ | *पूर्वाधार विकास* | ४ |
| ४.२ | *प्रजनन् स्वास्थ्य* | ४ |
| ४.३ | *शिक्षा कार्यक्रम* | ४ |
| ४.४ | *खानेपानी तथा सरसफाइ* | ४ |
| ४.५ | *स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन* | ४ |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | **२०** |
| ५.१ | *सुशासन* | ४ |
| ५.२ | *उत्तरदायित्व र जवाफदेहिता* | ४ |
| ५.३ | *सूचना तथा संचार* | ४ |
| ५.४ | *अनुगमन तथा मूल्याङ्कन* | ४ |
| ५.५ | *समन्वय र सम्बन्ध बिस्तार* | ४ |
| | **जम्मा** | १०० |

# १.५. लैससास परीक्षणको विधि र तरिका

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूर्योदय नगरपालिका आफैले बजेट विनियोजन गरेर गर्नु पर्ने हो तथापी पहिलो पटकका लागि (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लैससास परीक्षण दिग्दर्शन २०७८ जारी गरेपछि ) प्रदेश प्रशिक्षण केन्द्र कलवलगुरीको आर्थिक तथा प्राविधिक सहयोग र यो नगरपालिकाको संयोजनमा लैससास परीक्षण सम्पन्न भएको छ जसका लागि मुख्य गरी ३ चरण मा निम्नानुसार विधिहरु अवलम्वन गरिएकोछ ।

**<u>पूर्वतयारी चरण</u>**

- प्रदेश प्रशिक्षण केन्द्र कलवलगुरी झापाले रोष्टरमा रहेका स्वतन्त्र परामर्शदाताहरु मध्ये लैससास परीक्षण दिग्दर्शन २०७८ सम्वन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम मार्फत करीव ४० जनालाई सहजकर्ताहरु तयार गरेको थियो ।

- आवश्यकता संभावना र सहजतालाई हेरेर प्रदेश प्रशिक्षण केन्द्रले कुन सहजकर्तालाई कुन स्थानीय तहमा पठाउने भनेर निक्यौंल गरेको थियो र सम्वन्धित स्थानीय तह र सहजकर्तालाई जानकारी गराएको थियो ।यसै अनुरुप यो सूर्योदय नगरपालिका झापामा सहजकर्ताको रुपमा केशवराज ढुंगेललाई पठाएको थियो ।

**<u>तयारी चरण</u>**

- सहजकर्ताद्वारा सम्वन्धित पालिकामा फोन संपर्क गरी कार्यदल निर्माण तथा संभावित कार्यशाला गोष्ठीको मिति तय गर्ने वारे छलफल ।
- कार्यशाला गोष्ठी हुनु भन्दा अघिल्लो दिन सहजकर्ता तथा लैससास परीक्षण कार्यदल बीच बैठक वसी नगरपालिकाका वार्षिक योजना आवधिक योजना वार्षिक प्रतिवदेन कानून कार्यविधि चौमासिक वार्षिक समीक्षाको प्रतिवेदन विकास बुलेटिन पार्श्वचित्र तथा विभिन्न समयमा नगर कार्यपालिका तथा नगर सभाले गरेका निर्णयहरु आदिको लैससासको दृष्टिकोणवाट विश्लेषण तथा पुनरावलोकन गरी कार्यशालामा पुष्ट्याइका आधारहरुको आवश्यक वन्दोवस्त गरियो ।
- कार्यशालाका सहभागिलाई सूचना स्टेसनरी तयारी हल व्यवस्थापन तथा छलफल सामग्री तयारी

**<u>कार्यान्वयन चरण</u>**

- नगरपालिका अध्यक्ष सहित जनप्रतिनिधि र प्रमूख प्रशासकीय अधिकृत सहित कर्मचारीहरु समावेश भएको कार्यशालामा लैससासको अवधारणा तथा परीक्षण विधिका वारेमा सहजकर्ता (केशवराज ढुंगेल) द्वारा सहजकीकरण ।
- विषयगत शाखा प्रमूख तथा जनप्रतिनिधिहरुको दक्षताका आधारमा स्वैच्छिक रुपमा ५ वटा समूहहरु निर्माण गरी लैससास परीक्षणका ५ वटा मूल सूचकहरु क्रमशः नीति कानून योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्वका वारेमा सवैलाई संक्षिप्त रुपमा र समूह समूहमा विस्तृत रुपमा सूचक,अङ्क प्रदान गर्ने विधि र पुष्ट्याइका आधारहरुको वारेमा सहजकर्ता द्वारा सहजीकरण ।
- हरेक समूहले आफ्ना आफ्ना समूहमा छलफल गरी २० / २० वटा सूचकहरुमा पुष्ट्याइका आधारहरु पुरा गर्न सकिने गरी "१" वा "०.५" वा "०" मध्येको अंक प्रदान गरियो ।
- सवै सूचकहरुको अंक प्रदान गरिसकेपछि समूहको तर्फवाट आफूहरुले दिएको अंक र पुष्ट्याइका आधार प्रस्तुतीकरण गरी सवैको पृष्ठपोषण सुझावहरु समेत समावेस गरेर एउटा समूहको डकुमेन्ट सवैको वनाइ १०० वटै सूचकहरुको प्राप्ताङ्कलाई अन्तिम रुप दिइयो ।

- प्रासाङ्क लाई २२ वटा उपसूचक र ५ वटा मुल सूचकहरुमा "स्तम्भ चित्र" तथा "माकुरी जालो" मार्फत प्रस्तुत गरियो ।
- उल्लेखित ५ वटै समूह वाट आ आफ्नो विषयका सूर्योदय नगरपालिका भित्रका वलियो पक्ष कमजोर पक्ष अवसर र चुनौती (SWOT) विश्लेषण तथा प्रस्तुती गरी सवैको पृष्ठपोषण सुझाव लिएर अन्तिम रुप दिइयो ।
- उल्लेखित ५ वटै समूह वाट अंक प्रदान गर्दा "०" र "०.५" आएका सूचकहरुकालागि दिग्दर्शनले निर्दिष्ट गरेको फर्म्याटमा विस्तृत कार्ययोजना तयार गरी प्रस्तुत गरियो ।साथै अन्त्यमा सवै समूहका कार्ययोजनालाई एकीकृत गरि सूर्योदय नगरपालिका लाई लैससासका दृष्टिकोणले एक आदर्श स्थानीय सरकार वनाउने प्रतिवद्धता सहित नगरपालिका प्रमूख रणवहादुर राईको संयोजकत्व मा ११ सदस्यीय लैससास कार्यान्वयन समिति निर्माण गरी लैससास परीक्षण सकियो ।

# १.६. लैससास परीक्षणका सहभागिहरु

सूर्योदय नगरपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणमा नगरपालिका प्रमूख, उपप्रमूख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, नगर कार्यपालिका सदस्य, विषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारीहरु समेत गरी २८ जनाको सहभागिता रहेको थियो ।सहभागिहरुको जातीय तथा लिङ्गीय विवरण तल प्रस्तुत गरिएकोछ ।

| सहभागिहरु | दलित | जनजाती | ब्राम्हण | क्षेत्री | मुस्लीम | मधेशी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महिला | १ | ५ | ३ | १ | ० | ० | १० |
| पूरुष | ० | ६ | १० | २ | ० | ० | १८ |
| जम्मा | १ | ११ | १३ | ३ | ० | ० | २८ |

# २.तथ्याङ्क प्रस्तुतीकरण खण्ड

## २.१. नगरपालिकाको नामाकरण

तत्कालिन फिक्कल गाविसलाई कन्याम र पञ्चकन्या गाविस संग मिलाएर २०७१ सालमा सुर्योदय नगरपालिका घोषणा गरिएको थियो ।नेपालको संविधान २०७२ लागू भई संघीय शासन प्रणाली सुरु भए संगै राज्य पुनरसंरचना आयोगले उक्त सुर्योदय नगरपालिकामा गोर्खे श्री अन्तु समालवुङ पशुपतिनगर का सवै वडा र लक्ष्मीपुर गाविसका वडा नं ८ र जोगमाइ गाविसका वडा नं ८ र ९ मिलाएर हालको "सूर्योदय" नगरपालिका भएको हो ।

सूर्योदय नगरपालिका भित्र अनेकौ मनमोहक टाकुरा र थुम्काहरु छन जस्को आन्तरिक र वाह्य पर्यटकहरुलाई मन्त्रमुग्ध पारेका छन । यो पालिका अन्तरगत अन्तुडाँडा कन्याम करफोक पशुपतीनगर फिक्कल गोर्खे थुम्के लामीधारा गूफा पाताल चित्रे गुम्वा मेची मुहान लगायतका थुप्रै टाकुराहरुवाट हिमाल देखि तराइ सम्मको मनमोहक दृष्यहरु अवलोकन गरी आनन्दित हुन सकिन्छ । यी टाकुराहरु मध्येकै अन्तु डाँडा नेपालको सूदूर पुर्वमा सूर्योदयको अत्यन्तै मनमोहक दृष्यावलोकन गर्न सकिने र घामको पहिलो झुल्को नेपालमा पर्ने भएकोले देशमै सुर्योदय यही ठाउँवाट हुने भएकोले यो नगरपालिकाको नाम नै सूर्योदय राखिएको हो ।

## २.२. जातीय आधारमा नगरपालिकाको वनावट

सूर्योदय नगरपालिका विशेष गरेर लिम्वु जातीको वाहुल्यता भएको पालिका हो । यो नगरपालिकाको बस्तुगत विवरण २०७५ का आधारमा कुल जनसंख्या ५८१३० को २७.९३% जनसंख्या राई जातीको मात्र रहेको छ भने समग्र जनजातीहरुको जनसंख्या झण्डै ५७ प्रतिशत रहेकोछ ।यो नगरपालिका पर्यटकीय र व्यापारिक केन्द्र भएकाहुनाले यहाँ धेरै क्षेत्रका विभिन्न जातजातीका मानिसहरुसमेत वसोवास गर्दछन । महिला पुरुष संख्या हेर्दा यो नगरपालिकाको कुल जनसंख्याको **४८.५९% अर्थात २८२४८ महिला र ५१.४१% अर्थात २९८८२ पूरुष** रहेकाछन यो पालिकाको जातीय जनसंख्याको विवरण तल प्रस्तु गरिएको छ ।

| क्र स | जाती | परिवार संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | राई | ३६३४ | १६२३८ | २७.९३ |
| २ | ब्राम्हण | १९५२ | ८८२७ | १५.१८ |
| ३ | क्षेत्री | १९०४ | ८२४० | १४.१८ |

| क स | जाती | परिवार संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| ४ | तामाङ | १६६१ | ७३७९ | १२.६९ |
| ५ | नेवार | ७१३ | ३१७५ | ५.४६ |
| ६ | लिम्वु | ६६५ | २९२२ | ५.०३ |
| ७ | मगर | ३७१ | १६६४ | २.८६ |
| ८ | लेप्चा | ३५९ | १६४१ | २.८२ |
| ९ | गुरुङ | ३०४ | १४४० | २.४८ |
| १० | कामी | २६८ | १२८० | २.२० |
| ११ | दमाइ | १७२ | ७५० | १.२९ |
| १२ | सार्की | ८१ | १६४ | ०.२८ |
| १३ | अन्य | ९३७ | ४४१० | ७.६० |
|  | जम्मा | १३०२१ | ५८१३० | १०० |

श्रोतः  नगरपालिकाको बस्तुगत विवरण २०७५

# २.३. नगरपालिकाको लैसासासको वर्तमान अवस्था

सूर्योदय नगरपालिकको समग्रतामा अध्ययन गर्दा लैससासको दृष्टिकोणले केही उल्लेखनीय कामहरु भएका छन । विकास प्रकृयाको पहिलो खुड्किलो भनेको नै बर्तमान अवस्थाका वारेमा जानकारी हाशील गर्नु हो त्यसका लागि अति सुक्ष्म अध्ययन गरी  नगरपालिकाले आफ्नो स्पस्ट चित्र तयार गरिसकेको छ भने अव को लक्ष र लक्ष प्राप्तिको रणनीति तयारीमा जुटेको छ । आवश्यकता अनुसार वटा कानूनहरु निर्माण गरी प्रकाशन समेत गरिसकेको छ ।  नगरपालिकाको कानून कार्यविधि वस्तुगत विवरण आवधिक योजना वार्षिक चौमासिक मासिक प्रतिवेदनहरु अध्ययन गर्दा साथै जनप्रतिनिधि विषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारीहरु संग छलफल र अन्तरक्रिया गर्दा प्राप्त लैससास सम्वन्धी विशिष्ट सूचकहरु र त्यसको वर्तमान अवस्था तल प्रस्तुत गरिएको छ ।

| क्रस | विवरण | इकाई | ०७७/०७८ को अवस्था |
|---|---|---|---|
| १ | स्थानीय समिति तथा संरचनाहरुको नेतृत्वदायी पदमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ४० |
| २ | शौचालय भएका र प्रयोग गरेका घरधुरी | प्रतिशत | ९८.२६ |
| ३ | विद्यालय छोड्ने दर | प्रतिशत | ० |

| क्रस | विवरण | इकाई | ०७७/०७८ को अवस्था |
|---|---|---|---|
| ४ | सामाजिक सुरक्षा बाट लाभान्वित जनसंख्या | प्रतिशत | ९.५८ |
| ५ | महिलाको नाममा जग्गा हुने | प्रतिशत | ११.६ |
| ६ | घरायसी कारोवार सम्वन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ३७ |
| ७ | गरीविको रेखा मूनी रहेको जनसंख्या | प्रतिशत | १२.४ |
| ८ | अपाङ्ग मैत्री शौचालय भएका विद्यालय संख्या | संख्या | १६ |
| ९ | वाल श्रमिकको संख्या | संख्या | ४१ |
| १० | स्वस्थ्य परीक्षण सेवा पाउने गर्भवती महिला | प्रतिशत | ३४ |
| ११ | वालक्लव संख्या | संख्या | ४२ |
| १२ | स्वास्थ्य वीमा गरेका घरधुरी | प्रतिशत | २०.८७ |
| १३ | कुल साक्षरता दर | प्रतिशत | ९० |
| १४ | महिलाको साक्षरता दर | प्रतिशत | ८७.२५ |
| १५ | आम्दानीले अधिकतम ३ महिना मात्र जीवन निर्वाह गर्न परिवार | संख्या | ३१४१ |
| १६ | अपाङ्ग जनसंख्या | प्रतिशत | १.५९ |
| १७ | अपाङ्ग वालवालिका संख्या | संख्या | ९० |
| १८ | वाल विवाह दर | प्रतिशत | २८.७८ |
| १९ | महिला घरमुली भएका घरधुरी | प्रतिशत | १८.२२ |
| २० | अति सिमान्तकृत र लोपउन्मुख परिवार संख्या (लेप्चा र थामी) | रधुरी | १८९९ |
| २१ | सामाजिक सुरक्षा बाट लाभान्वित जनसंख्या | प्रतिशत | ९.५८ |
| २२ | महिलाको नाममा जग्गा हुने | प्रतिशत | ११.६ |
| २३ | गरीविको रेखा मूनी रहेको जनसंख्या | प्रतिशत | १२.४ |
| २४ | आर्थिक रुपले सकृय जनसंख्या | प्रतिशत | ८०.०९ |

माथि उल्लेखित विवरणको आधारमा यो सूर्योदय नगरपालिका लैससास प्रति पूर्णरुपमा संवेदनशील देखिन्छ सवै अभिलेखहरु दुरुस्त राखेको छ । हाल सम्मको अवस्था विश्लेषणले देखाएको वाटो बाट अव कहाँ र कसरी जाने भन्ने कुराको सुनिश्चितता लैससास रणनीतिले तय गर्नेछ ।

# ३.विश्लेषण खण्ड

## ३.१.लैससास परीक्षण विश्लेषण औजार

सूर्योदय नगरपालिकाको लैससास परीक्षणको विश्लेषणका लागि मुख्य रुपमा ३ वटा औजार प्रयोग गरिएका थिए जसलाई निम्नानुसार प्रस्तुत गरिएकोछ

### ३.१.१.SWOT विधिः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका १०० वटा सूचकहरुमा अङ्क प्रदान गर्ने काम गरिसकेपछि समग्रतामा SWOT विधि वाट नगरपालिकाको लैससासका दृष्टिकोणले नीति कानुन योजना ,संस्थागत व्यवस्था,मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व को विस्तृत रुपमा विश्लेषण गरिएको थियो ।जस अनुसार ५ वटा समुहले आ आफ्नो मूल सूचकको वलियो पक्ष (**S**trength), कमजोर पक्ष (**W**eakness), अवसर (**O**pportunity) र चुनौती (**T**hreats) तयार गरी प्रस्तुत गरेका थिए ।

### ३.१.२.समूह छलफल विधि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि ५ वटा मूल सूचकहरुका आधारमा ५ वटा समूह वनाएर अङ्कप्रदान गरिएको थियो । आ-आफ्नो विषयगत दक्षताका आधारमा स्वेच्छिक रुपमा समूह छनौट गर्न लागाइएको थियो जसले गर्दा सूचकहरुको विश्लेषणमा सहज भएको थियो ।

### ३.१.३. सन्दर्भ सामग्रीको पुनरावलोकन विधि

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणका लागि अङ्क प्रदान गर्दा हरेक अङ्कका लागि पुस्टयाइका आधारहरु प्रस्तुत गर्नु पर्दछ त्यसका लागि नगरपालिकामा भएका कानून, कार्यविधि, वस्तुगत विवरण, आवधिक योजना, वार्षिक। चौमासिक, मासिक प्रगति प्रतिवेदन नगर कार्यपालिका तथा नगर सभाले गरेका निर्णयहरु आदिको अध्ययन र पुनरावलोकन गरी प्राप्तांक लाई निश्चित गरिएको थियो ।

उल्लेखित ३ वटा विधिका अतिरिक्त अन्तरवार्ता सानो समूह छलफल समेत गरिएको थियो । साना समूहमा गरिएका छलफलहरु संयुक्त रुपमा सामूहिक भेलामा समेत प्रस्तुत गरिएका थिए । प्रत्यक्ष रुपमा पढ्न नजान्नेहरुका लागि समेत स्पस्ट हुने गरी स्तम्भ चित्र तथा माकुरे जालो चित्र प्रयोग गरेर समेत नगरपालिकाको समग्र अवस्था विश्लेषण गरिएको थियो ।

# ४.उपलब्धि खण्ड

## ४.१ मूल सूचकका आधारमा उपलब्धि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले सूर्योदय नगरपालिकाको वर्तमान अवस्थालाई छर्लङ्ग वनाएकोछ ।यो परीक्षणले महिला तथा लक्षित वर्गमा विशेष कार्यक्रम सञ्चालन गरे पनि साना तर ध्यान पुग्न नसकेककाका कुराहरु वाहिर ल्याएको छ भने आगामी वर्षको कार्ययोजना तयारी गर्न आधार चित्र प्रस्तुत गरेको छ । यो परीक्षणका मुख्य उपलव्धिलाई मूल सूचकका आधारमा तल प्रस्तुत गरिएको छ ।

### ४.१.१. नीति कानून योजना

- स्थानीय तहको कानून निर्माण प्रक्रियामा (मस्यौदा तयार गर्दा र जारी गर्दा ) लैससासको दृष्टिकोणबाट उपयुक्त भए नभएको विश्लेषण गर्ने नगरेकोमा यो प्रति नगरपालिका सचेत भएको र अव उप्रान्त वन्ने सवै कानून निर्माण गर्दा कार्यदल निर्माण गरेर विश्लेषण गर्ने प्रतिवद्धता व्यक्त गरेको ।
- दीगो विकास लक्ष लाई स्थानीयकरण गरी लैससास मैत्री वनाउन आवश्यक मार्ग चित्र तयार भएको ।
- महिलाको लागि छुट्टै वस्तुगत विवरण तयार गरी महिलाका मात्र विशिष्ट सूचनाहरु महिनावारी सूरवात, पहिलो वच्चा जन्माउदाको उमेर महिनावारी वन्द भएको उमेर दुध खुवाउने वेलामा दुध नआएका आमाहरुको संख्या विभिन्न जातजाती अनुसार छुट्टाछुट्टै विवरण संकलन गरी आवश्यक वजेट विनियोजनका लागि प्रतिवद्धता व्यक्त भएको ।
- रैथाने र आप्रवासी कामदारहरु प्रति समान ज्याला सम्वन्धी कानून कार्यविधि वनाएर कार्यान्वयन गर्ने अवसर प्राप्त भएकोछ ।
- आवधिक योजना (०७७-०८१) ले निर्दिस्ट गरेका विषयवस्तुलाई वार्षिक योजनामा समाविष्ट गराएर तालमेल नमिलेका विषयहरुलाई मिलाएर लैजान यो परीक्षणले सचेत गराएकोछ ।
- योजना तर्जूमा गर्दा महिला लक्षित समुदायको छुट्टै भेला गर्न कार्यक्रमका लागि निश्चित प्रतिशत वजेट विनियोजन गर्न र नियमित रुपमा लैससास परीक्षणका लागि बजेट बिनियोजन गर्न यो परीक्षणले पाठ सिकाएको छ ।

- उपभोक्ता समितिमा कम्तिमा ४०% महिला सहभागिताको निरन्तरताका लागि यो परीक्षणले अभिप्रेरित गरेको छ ।

## ४.१.२. संस्थागत ब्यवस्था

- नगरपालिकाको निर्णयक तहमा महिला तथा लक्षित समुदायकको सहभागिताले एकातर्फ नेतृत्व विकास अर्को तर्फ वास्तविक समाजको प्रतिनिधित्व हुने हुदा विकास कार्यक्रमहरु वारे निर्णय गर्न सहज भएकोछ ।
- महिला पुरुष सम विकास सम्वन्धी कार्यनीति तयारीका वारेमा नगरपालिकालाई हालसम्म सोच नआएकोमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले सो आवश्यकता औल्याएकोछ
- लैङ्गिक विकास हेर्ने स्थायी संयन्त्रको रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन भएकोछ ।
- कार्यालयमा हुन सक्ने कुनै प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणका लागि कानूनी व्यवस्था तथा आचारसंहिता निर्माणका लागि नगरपालिका अग्रसर भएको ।
- नगरपालिकाको वस्तुगत स्थिति तथा सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको विवरण नियमित रुपमा अद्यावधिक गर्न र यसैका आधारमा वार्षिक कार्यक्रम तथा बजेटमा समेट्न लैससास परीक्षणले देखाएको बाटो अनुरुपको कार्ययोजना तयारी भएको ।
- बेरोजगारहरुको जातीय क्षेत्रीय लिङ्गीय रुपमा खण्डीकृत विवरणहरु संकलन गरी त्यसका आधारमा बार्षिक नीति तथा कार्यक्रम वनाउन यो परीक्षणले सहयोग पुर्याएको छ ।

## ४.१.३. मानव संसाधन तथा क्षमता विकास

- कानुनको मस्यौदा तर्जुमा र प्रकृयाका वारेमा अभिमुखीकरण गरी लैससास मैत्री वनाउन आवश्यक पथ प्रदर्शन यो परीक्षणले गरेको छ ।
- नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई वार्षिकरुपमा एक पटक अनिवार्य रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी तालिम प्रदान गर्ने र योजना तर्जुमा प्रक्रियालाई लैससास मैत्री वनाउन का लागि नगरकार्यपालिकाले विशेष निर्णय गर्ने ।
- नगरपालिका भित्रका महिला तथा लक्षित वर्गको क्षमता विकासका लागी वार्षिक रुपमा बजेट विनियोजन गरी प्राविधिक तालिम तथा सीप विकासका कार्यक्रमहरु तयार गर्न यो परीक्षणले

अभिप्रेरित गरेको हुनाले हाल सम्म काम भए पनि अभिलेखीकरण नभएको र कतिपय क्षेत्रमा काम नै कम भएको हुनाले त्यसको अभिलेख तयार गरी आवश्यक कार्ययोजना तयार गर्ने ।

- यो परीक्षणले नगरपालिकामा छुट्टै मानव संसाधान तथा क्षमता विकास शाखा स्थापना गर्नका लागि जोड दिएको हुनाले तत्काल व्यवस्थापन गर्नका लागि कर्मचारीको अभाव भएको हुँदा हाललाई यो शाखा थप जिम्मेवारीको रुपमा स्थापना गर्ने र आगामी दिनमा छुट्टै वनाउदै लैजाने ।
- महिला बालबालिका घरेलु हिंसा सम्वन्धी अन्तराष्ट्रिय सन्धि तथा प्रतिवद्धताहरुमा उल्लेख भएका विषयहरुलाई नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गरी सो अनुरुपका काम गर्नका लागि आगामी वर्षबाट योजना तथा बजेट विनियोजन गर्न परीक्षणले बाटो देखाएको ।
- महिला हिंसा तथा सामाजिक कुरीतिहरु हटाउनका लागि कानूनी व्यवस्था भएपनि त्यसको कार्यान्वयनमा समस्या देखिएको हुनाले त्यसको अनुगमन गरी आवश्यक संसोधन गरेर कार्यान्वयनमा लैजाने ।
- महिलाका लागि कानूनी सचेतना सम्वन्धी अनुशिक्षण कार्यक्रम नियमित रुपमा सञ्चालन गर्दै लैजाने । यसमा नगरपालिकाले बनाएका कानून कार्यविधि तथा संघीय र प्रदेश सरकारले वनाएका कानून कार्यविधिहरु जो महिला हक हितका लागि उपयोगी छन तिनीहरुलाई अनुशिक्षणका विषय वस्तु वनाउने ।
- विपद व्यवस्थापन नीति वनाउदा, राहत वितरण गर्दा वा अन्य कुनै विपद व्यवस्थापन सम्वन्धी काम गर्दा महिला तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने र पहिलो प्राथमिकतामा राख्ने ।

## ४.१.४. सेवा प्रवाह

- आगामी दिनमा निर्माणहुने भवन लगायतका भौतिक संरचनाहरु महिला, अपाङ्ग तथा बाल मैत्री बनाउन त्यसको ड्रइङ डिजाइन वाटै विशेष व्यवस्था गर्न र कडाइका साथ कार्यान्वयन गराउने गरी आवश्यक पहल र निर्णय गर्न यो परीक्षणले नगरपालिकालाई सहयोग गरेकोछ ।
- महिला तथा लक्षित समूदायलाई प्रत्यक्ष फाइदा पुग्ने गरी परम्परागत भए सुधारिएको र आधुनिक उर्जा जस्ले कामलाइ सजिलो र समयलाइ वचत गराउँछ त्यस्ता शिर्षकहरुमा बजेट विनियोजन गरी आवश्यक क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्न र हालको कार्यक्रमलाई निरन्तरता दिन यो परीक्षणले पथ प्रदर्शन गरेकोछ ।

- गर्भवती महिलाहरुलाई जोखीमयूक्त तथा खतरायूक्त कामहरु नलागाउने भनिएपनि कस्ता कामले जोखीम बढ्छ र कस्ता काम गर्भका लागि खतरा हुन्छन भन्ने वारेमा जानकारी नभएको हुनाले स्वास्थ्य शाखाले आवश्यक योजना वनाइ अनुशिक्षण गर्नु पर्ने कुरा यो परीक्षणले झल्काएकोछ।
- सार्वजानिक भवनहरु तथा कार्यालयहरुमा संभव भए सम्म स्थायी प्रकृतिको र तत्काल कक्षको अभाव भएमा पर्दा मात्र राखेर भएपनि अस्थायी स्तनपान कक्षको व्यवस्था गर्न नगरपालिकाले शाखा तथा कार्यालयहरुलाई निर्देशन दिन यो परीक्षणले सचेत गराएकोछ ।
- विपन्न लक्षित वीमा कार्यक्रमलाई विस्तार गरी सवै नागरिकका पहुँचमा पुर्याउने ।
- महिला केन्द्रित रोगहरु स्तन क्यान्सर, आङखस्ने तथा पाठेघर सम्वन्धी अन्य रोगहरुको वारेमा अपनाउनु पर्ने पूर्व सावधानीका वारेमा नियमित रुपमा अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय जाने उमेर भएका वालावालिकाहरु यदि विद्यालय नगएका भए तत्काल पठाउने वातावरण वनाउने तथा उत्प्रेरीत गर्ने। त्यसका लागि स्वास्थ्य शाखा वडा कार्यालय र नजिकको विद्यालय एवम  नगरपालिकाको शिक्षा शाखाले जिम्मा लिने ।
- नगरपालिका भित्रका निराक्षर व्यक्ति हरुका लागि साक्षर वनाउने विशेष कार्यक्रमहरु सञ्चालन गर्ने
- विद्यालयहरुमा दिवाखाजा, सफा पीउने पानी, किशोरीहरुको लागि सेनिटरी प्याड छात्र, छात्रा तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागि छुट्टा छुट्टै शौचालय आदिको व्यवस्था भए नभएको र प्रयोग कसरी भइरहेको छ भन्ने बारे नियमिति अनुगमन गरी रिपोर्टिङ गर्ने प्रणालीको विकास गर्ने ।
- स्वरोजगार तथा बैदेशिक रोजगारमा जाने सवै  नगरपालिकावासीहरुलाई नियमित रुपमा बजेट विनियोजन गरी आवश्यक तालिम प्रदान गर्ने ।वैदेशिक रोजगारीमा जाने नागरिकले नगरपालिकालाई जानकारी गराएर जानु पर्ने नीति अवलवम्वन गर्ने र त्यसको विवरण अद्यावधिक गर्ने ।
- फिक्कल पशुपतीनगर करफोक श्री अन्तु क्षेत्रमा सूफत मूल्यका सहकारी पसलहरु विस्तार गर्न आवश्यक क्षमता विकास एवम भौतिक संरचना निर्माणमा सहयोग गरेर सहज र सरल ढंगले वस्तु तथा सेवा उपलव्ध गराउन आवश्यक पहल गर्ने ।वस्तु तथा सेवाको उपलव्धता कस्तो भइरहेको छ नियमित रुपमा अनुगमन गर्ने ।

### ४.१.५. सुशासन तथा उत्तरदायित्व

- नियमित रुपमा सार्वजानिक सुनुवाई, हरेक योजनाको सार्वजानिक परीक्षण र वार्षिक रुपमा सामाजिक परीक्षण हुने गरेकोमा यसलाई लैससासको दृष्टिकोणवाट समेत छुट्टै एजेन्डा राखेर छलफल तथा विश्लेषण गर्ने ।
- नगरपालिकाका सवै कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि आचार संहिता तयार गरी तत्काल कार्यान्वयनमा ल्याउने । जनप्रतिनिधिहरुको आचार संहिता तयार भएको भएपनि सवै जनप्रतिनिधिलाई थाहा नभएको हुँदा त्यसको कार्यान्वयन लागि फ्लेक प्रिन्ट वनाइ नगरपालिका अध्यक्ष उपाध्यक्षको कार्यकक्ष एवम सवै शाखाहरुमा राख्ने ।
- नगरपालिकाको वेभसाइड नियमित रुपमा अद्यावधिक गर्ने र हाल सम्म भएका गतिविधिहरु अद्यावधिक गर्ने ।
- नगरपालिकाका सवै जनप्रतिनिधिहरुको वैयत्तिक विवरण सहितको विवरण वेभसाइडमा राख्ने ।
- अनुगमन समितिले अनुगमन गर्दा प्रयोग गर्ने अनुगमन फारममा लैससासको आधारमा समेत हेर्ने व्यवस्था गर्ने ।

## ४.२. सूचक अनुसार प्राप्ताङ्क विवरण

सूर्योदय नगरपालिकाले गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको १०० वटा सूचकभित्र रहेर स्व-परीक्षण गरेको थियो जसमा मूल सूचक ५ वटा उपसूचक २२ रहेका थिए, जसको विवरण तल प्रस्तुत गरिएको छ ।

**<u>प्रत्येक सूचकमा प्राप्ताङ्क विवरण</u>**

| क स | सूचक नं | प्राप्ताङ्क | क स | सूचक नं | प्राप्ताङ्क | क स | सूचक नं | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १ | १.१.१ | ०.० | ३५ | २.४.३ | ०.० | ६९ | ४.३.१ | १.० |
| २ | १.१.२ | ०.५ | ३६ | २.४.४ | ०.० | ७० | ४.३.२ | १.० |
| ३ | १.१.३ | १.० | ३७ | २.५.१ | १.० | ७१ | ४.३.३ | ०.५ |
| ४ | १.१.४ | ०.५ | ३८ | २.५.२ | १.० | ७२ | ४.३.४ | १.० |
| ५ | १.१.५ | १.० | ३९ | २.५.३ | १.० | ७३ | ४.४.१ | ०.५ |

| क स | सूचक नं | प्रासाङ्क | क स | सूचक नं | प्रासाङ्क | क स | सूचक नं | प्रासाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| ६ | १.१.६ | ०.५ | ४० | २.५.४ | १.० | ७४ | ४.४.२ | १.० |
| ७ | १.१.७ | ०.५ | ४१ | ३.१.१ | १.० | ७५ | ४.४.३ | ०.५ |
| ८ | १.१.८ | ०.५ | ४२ | ३.१.२ | ०.५ | ७६ | ४.४.४ | ०.५ |
| ९ | १.२.१ | ०.५ | ४३ | ३.१.३ | १.० | ७७ | ४.५.१ | १.० |
| १० | १.२.२ | ०.० | ४४ | ३.१.४ | १.० | ७८ | ४.५.२ | ०.५ |
| ११ | १.२.३ | ०.० | ४५ | ३.१.५ | ०.५ | ७९ | ४.५.३ | ०.० |
| १२ | १.२.४ | ०.५ | ४६ | ३.१.६ | १.० | ८० | ४.५.४ | १.० |
| १३ | १.२.५ | ०.५ | ४७ | ३.१.७ | १.० | ८१ | ५.१.१ | १.० |
| १४ | १.२.६ | ०.५ | ४८ | ३.१.८ | ०.० | ८२ | ५.१.२ | १.० |
| १५ | १.२.७ | १.० | ४९ | ३.२.१ | १.० | ८३ | ५.१.३ | ०.५ |
| १६ | १.२.८ | १.० | ५० | ३.२.२ | ०.० | ८४ | ५.१.४ | १.० |
| १७ | १.३.१ | ०.५ | ५१ | ३.२.३ | १.० | ८५ | ५.२.१ | ०.५ |
| १८ | १.३.२ | ०.५ | ५२ | ३.२.४ | ०.५ | ८६ | ५.२.२ | १.० |
| १९ | १.३.३ | ०.५ | ५३ | ३.३.१ | ०.५ | ८७ | ५.२.३ | ०.५ |
| २० | १.३.४ | ०.० | ५४ | ३.३.२ | ०.५ | ८८ | ५.२.४ | १.० |
| २१ | २.१.१ | ०.५ | ५५ | ३.३.३ | १.० | ८९ | ५.३.१ | १.० |
| २२ | २.१.२ | ०.० | ५६ | ३.३.४ | १.० | ९० | ५.३.२ | ०.५ |
| २३ | २.१.३ | १.० | ५७ | ३.४.१ | ०.५ | ९१ | ५.३.३ | १.० |
| २४ | २.१.४ | १.० | ५८ | ३.४.२ | १.० | ९२ | ५.३.४ | ०.५ |
| २५ | २.२.१ | ०.० | ५९ | ३.४.३ | १.० | ९३ | ५.४.१ | ०.५ |
| २६ | २.२.२ | १.० | ६० | ३.४.४ | ०.० | ९४ | ५.४.२ | ०.५ |

| क स | सूचक नं | प्रासाङ्क | क स | सूचक नं | प्रासाङ्क | क स | सूचक नं | प्रासाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| २७ | २.२.३ | ०.० | ६१ | ४.१.१ | ०.५ | ९५ | ५.४.३ | १.० |
| २८ | २.२.४ | ०.५ | ६२ | ४.१.२ | ०.५ | ९६ | ५.४.४ | १.० |
| २९ | २.३.१ | १.० | ६३ | ४.१.३ | ०.० | ९७ | ५.५.१ | १.० |
| ३० | २.३.२ | १.० | ६४ | ४.१.४ | ०.५ | ९८ | ५.५.२ | १.० |
| ३१ | २.३.३ | १.० | ६५ | ४.२.१ | ०.० | ९९ | ५.५.३ | ०.५ |
| ३२ | २.३.४ | १.० | ६६ | ४.२.२ | ०.५ | १०० | ५.५.४ | ०.५ |
| ३३ | २.४.१ | १.० | ६७ | ४.२.३ | ०.५ | **जम्मा प्रासांङ्क** | | **६५** |
| ३४ | २.४.२ | ०.५ | ६८ | ४.२.४ | १.० | | | |

## २२ वटा उप सूककका आधारमा प्रासाङ्क विवरण

| क्र.स. | उप- सूचकहरु | पूर्णाङ्क | सूचकहरुको संख्या | | | कुल प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | | | "०" आएका | "०.५" आएका | "१" आएका | |
| १ | नीति र कानूनमा समावेशिता/ सहभागिता | ८ | १ | ५ | २ | ४.५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | २ | ४ | २ | ४.० |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | १ | ३ | ० | १.५ |
| ४ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | १ | १ | २ | २.५ |
| ५ | कार्यप्रणाली समावेशी | ४ | २ | १ | १ | १.५ |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ० | ० | ४ | ४.० |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २ | १ | १ | १.५ |
| ८ | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | ४ | ० | ० | ४ | ४.० |
| ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | १ | २ | ५ | ६.० |
| १० | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना | ४ | १ | १ | २ | २.५ |

| क्र.स. | उप- सूचकहरु | पूर्णाङ्क | सूचकहरुको संख्या | | | कुल प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | | | "0" आएका | "0.५" आएका | "१" आएका | |
| ११ | कानूनी साक्षरता | ४ | ० | २ | २ | ३.० |
| १२ | विपद व्यवस्थापनमा समावेशिता | ४ | १ | १ | २ | २.५ |
| १३ | पूर्वाधार विकास | ४ | १ | ३ | ० | १.५ |
| १४ | प्रजनन् स्वास्थ्य | ४ | १ | २ | १ | २.० |
| १५ | शिक्षा कार्यक्रम | ४ | ० | १ | ३ | ३.५ |
| १६ | खानेपानी तथा सरसफाइ | ४ | ० | ३ | १ | २.५ |
| १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | १ | १ | २ | २.५ |
| १८ | सुशासन | ४ | ० | १ | ३ | ३.५ |
| १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ० | २ | २ | ३.० |
| २० | सूचना तथा संचार | ४ | ० | २ | २ | ३.० |
| २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | ० | २ | २ | ३.० |
| २२ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ० | २ | २ | ३.० |
| | **जम्मा** | **१००** | **१५** | **४०** | **४५** | **६५.०** |

## <u>५ वटा मूल सूचकको प्रासाङ्क विवरण</u>

| क्र. स. | मूल सूचकहरु | पूर्णाङ्क | सूचकहरुको संख्या | | | कुल प्रासाङ्क | प्रतिशत | नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| | | | "0" आएका | "0.५" आएका | "१" आएका | | | |
| १ | नीति कानून योजना | २० | ४ | १२ | ४ | १०.० | ५०% | **सामान्य** |
| २ | संस्थागत व्यवस्था | २० | ५ | ३ | १२ | १३.५ | ६८% | **उत्तम** |
| ३ | मानवसंसाधन तथा क्षमता विकास | २० | ३ | ६ | ११ | १४.० | ७०% | **उत्तम** |


| क्र.स. | मूल सूचकहरु | पूर्णाङ्क | सूचकहरुको संख्या | | | कुल प्राप्ताङ्क | प्रतिशत | नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| | | | "०" आएका | "०.५" आएका | "१" आएका | | | |
| ४ | सेवा प्रवाह | २० | ३ | १० | ७ | १२.० | ६०% | **उत्तम** |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | ० | ९ | ११ | १५.५ | ७८% | **उत्तम** |
| | **जम्मा** | १०० | **१५** | **४०** | **४५** | **६५.०** | **६५%** | **उत्तम** |

माथि उल्लेखित विवरणले सूर्योदय नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था नीति कानून योजना मा " सामान्य ", र बाँकी संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व सबैमा "उत्तम" नतिजा प्राप्त गरेकोछ ।यो नगरपालिकाको १५% सूचकहरुमा "०" अंक आएको छ भने ४०% सूचकहरुमा "०.५" र ४५% सूचकहरुमा "१" अंक आएकोछ ।समग्रमा ६५% अंक प्राप्त गरेको यो नगरपालिकाको वर्तमान अवस्था लैससासका दृष्टिकोणले "**उत्तम**" रहेको छ ।

## ४.३.प्राप्ताङ्क अनुसारको रेखाचित्र


सूर्योदय नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको नतिजालाई माकुरी जालो चित्र (Spider Diagram) र स्तम्भ चित्र (Bar Diagram) गरी २ प्रकारका रेखाचित्रहरुमा निम्नानुसार प्रस्तुत गरिएको छ ।सामान्यतया रेखा चित्रको २ वटा अर्थ रहने गर्दछ पहिलो यो पढ्न लेख्न नजान्ने हरुका लागि पनि आफ्नो नतिजा के रहेछ भनेर हेर्न सहयोग पुर्याउछ भने दोश्रो यो कार्यालयमा प्रिन्ट गरेर राख्न अथवा प्रस्तुतीकरण गर्न सहज हुने भएको ले यसको प्रचलन वढेको छ

## ४.३.१. उपसूचकहरुको माकुरीजालो चित्र





## ४.३.२. उपसूचकहरुको स्तम्भ चित्र


२२ वटा उपसूचकहरुको माकुरी जालो चित्रले समग्रतामा हेर्न सहज वनाएको छ तर त्यसमा हरेक उपसूचकको नजिता हर्न धेरै भएको हुनाले केही असहज हुनसक्छ भन्ने कुरालाई मद्यनजर गरी यसलाई स्तम्भ चित्र मार्फत पनि निम्नानुसार प्रस्तुत गरिएकोछ


सुर्योदय नगरपालिका लैससास लेखाजोखा विस्तृत
पुर्णाङ्क
प्राप्तांक
८
८
४
४
४
४
४
४
८
४
४
४
४
४
४
४
४
४
४
४
४
४
४.५
४
१.५
२.५
१.५
४
२
४.०
६
२.५
३.०
२.५
१.५
२.०
४
२.५
३
३.५
३
३.०
३
३
नीति र कानूनमा समावेशिता
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्यप्रणाली समावेशी
समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन
मानव संसाधन तथा क्षमता विकास
मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
कानूनी साधरता
विपद् व्यवस्थापनमा समावेशिता
पूर्वाधार विकास
प्रजनन् स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाइ
स्वरोजगार आय आर्जन र बजार व्यवस्थापन
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध विस्तार

### ४.३.३. मूल सूचकहरुको माकुरीजालो चित्र




### ४.३.४. मूल सूचकहरुको स्तम्भ चित्र



# ४.४. सवलता र दुर्वलताको विश्लेषण

सूर्योदय नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात यो पालिकाको लैससास दृष्टिकोणवाट मूल सूचकमा आधारीत रहेर सवलता र दुर्वलताको विश्लेषण गरिएकोछ । जसलाई निम्नानुसार प्रस्तुत गरिएकोछ ।

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| **क.नीतिकानून योजना** | | | |
| १. नगरपालिकाको आफ्नो आवधिक योजना तयार रहेको र यस अनुसार आधारित रहेर वार्षिक योजना पनि बनाएको<br>२. यसका लागि आवश्यक मुख्य मुख्य समितिहरुको गठन पनि भएको र लैससास कार्यदलको गठन पनि भैसकेको छ ।<br>३. नगरपालिकामा विभिन्न क्षेत्रगत कानुनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको ।<br>४. योजना तर्जुमा दिगदर्शन तयार भएको जसमा लैससासका | १. नगरपालिकाले तत्काल लैंगिकतथा सामाजिक समावेशिकरण रणनीति निर्माण नभएको ।<br>२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण अनुसारको कार्यविधि तयार गर्नु पर्ने ।<br>३. समान कामको समान ज्याला प्रभाकारी रुपमा कार्यान्वन नभएको ।<br>४. महिलाहरुको छूट्टै खण्डिकृत डाटा नभएको ।<br>५. नगरपालिकाले योजना तर्जुमा तथा अनुगमन मुल्याङ्कनलाई लैससासको चस्माले हेर्ने नगरेको । | १. नगरपालिकामा विभिन्न जातजाती, समुदाय बिच सामाजिक र स्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त अवसर रहेको । जातीय लिङ्गीय वर्गीय समावेशी भन्दा अतिरिक्त क्षेत्रीय समावेशीता पनि यहाँ छ । प्रदेश १ का १४ वटै जिल्ला अझ १३७ वटै पालिकाका मानिस यो नगरमा वसोवास गर्छन<br>२. समान कामको समान ज्याला प्रभावकारी रुपमा कार्यान्वन गरी | १. छुवाछूत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कु मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयन मा जटीलता ।<br>२. मागमा आधारीत अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन<br>३. संघीयता कार्यान्वयनमा स्थानीय तहलाई छूटै सरकारको मान्यता पाउन नै कठीन । |

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| प्रावधानहरुलाई स्पस्टरुपमा समावेश गरिएको ।<br>५. नगरपालिकाले वार्षिक समिक्षा प्रतिवेदन तयार गरि लैससासका समग्र लक्ष्य, प्रगति र कार्यान्वयनको दस्तावेजीकरण गरेको ।<br>६. लैंगिक दृष्टिकोणलेमहिला पुरुष तथा आप्रवासी र स्थानीय विच समान कामको लागि समान ज्यालादर निर्धारण गरेको ।<br>७. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भएको<br>८. हरेका निकाय तथा समितिहरुमा महिला सहभागिताको लक्षित वर्गको सुनिश्चितता भएको छ ।<br>९. उपभोक्ता समितिहरुमा महिला सहभागिता न्यूनतम ४०% अनिवार्य गरेको छ । | ६. लक्षित वर्गको पहिचान तथा सुची तयार नभएको ।<br>७. आवधिक योजनमा लैसासासलाई मुल प्रवाहीकरण नगरिएको ।<br>८. दीगो विकासको लक्ष्य ५ लाइ तोकेर बजेट विनियोजन नगरिएको<br>९. नगरपालिका ले आफ्ना निती नियम कार्यबिधी योजना जारी गर्नुभन्दा अगाडी लैससास को दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरेको । | उल्लेखनीय र दीर्घकालीन सफलता प्राप्त गर्न सकिने<br>३. कानुन कार्यान्वनयका आधारमा उत्कृष्ट शाखा तथा वडाहरुलाई पुरस्कृत गरी निर्माण भएका कानुनहरुको व्यावहारिक पक्षको अध्यन विश्लेषण गर्ने सकिने ।<br>४. आवश्यक पर्ने कानुन नीति नीयम आफै वनाउन सकिने ।<br>५. लक्षित वर्गका कार्यक्रम संचालनका लागि गैसस को सहयोग प्राप्त गर्न सकिने ।<br>६. युवा कर्मचारीको वाहुल्यता रहेको यो नगरपालिकामा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने | |

## ख. संस्थागत व्यवस्था

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| १. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ५०% भन्दा वढी भएको ।<br>२. नगरपालिकामा ४१% महिला कर्मचारी भएको ।<br>३. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।<br>४. महिला वालवालिका जेष्ठ नागरिक तथा समाज कल्याण शाखा र सामाजिक विकास शाखा स्थापना र सचालन भएको ।<br>५. लक्षित समुदायको खण्डिकृत डाटा अद्यावधिक भएको ।<br>६. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको । | १. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको<br>२. योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको<br>३. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निष्चित कार्यनीति नरहेको ।<br>४. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल हुने नगरेको | १. महिला तथा लक्षित वर्गका कार्यक्रममा महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने ।<br>२. लक्षित वर्गको खण्डीकृत डाटा वाट विभिन्न दातृ निकायहरुवाट कार्यक्रम प्राप्त गर्न सकिने ।<br>३. महिला वालवालिका तथा जेष्ठ नगारिक शाखा मार्फत विस्तृत कार्ययोजना वनाई कार्ययोजना वनाउन सकिने ।<br>४. नगरपालिका अन्तरगतका सवै कार्यालयहरुमा महिला हिंसा लेङ्गिक विभेद हुन नदिनका लागि लैङ्गिक आचार संहिता निर्माण गरि प्रयोग गर्न सकिने<br>५. संघीय सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु भएकोले आवश्यको संस्थागत विकासमा नमूना कार्यक्रमहरु संचालन गर्न सकिने । | १. गरीवी मापनका सुचकहरु निर्माण गर्न ।<br>२. घरभित्रको विना पारिश्रमिक को कामको मुल्याङ्कन गर्न ।<br>३. निर्माण भएका कानुन कार्य विधि कार्यान्वन गर्न । |

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| ७. लैङ्गिक हिंसा निवारण महिला सीप विकास नेतृत्व विकास का लागि श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको ।<br>८. समावेशी सुचना प्रणाली व्यावस्थापनका लागि बजेट विनियोजन तथा कार्यान्वयन । | | | |
| **ग. मानव संसाधन तथा क्षमता विकास** | | | |
| १. पदाधिकारी तथा कर्मचारी लैससास सम्वन्धि सचेत रहेको ।<br>२. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।<br>३. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको<br>४. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा पुर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोग पुर्याएको । | १. मानव संसाधन विकास शाखाको स्थापना नभएको ।<br>२. स्थानीय तहका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखी करण नभएको<br>३. महिला हक र अधिकार सम्वन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण समेत नभएको । | १. यो नगरपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरु विभिन्न विषयको श्रोत व्यक्ती भएको हुनाले नगर भित्रै क्षमता पहिचान र आवश्यकता पहिचान गरी न्युन लागतमा क्षमता विकासका धेरै कार्यक्रम गर्न सकिने ।<br>२. वालमैत्री लैङ्गिक मैत्री अपाङ्ग मैत्री जस्ता विकास मोडलहरु सञ्चालन गर्न सकिने । | १. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छुवाछुत, घरेलु हिंसा ) को अन्त्यका लागि विभिन्न कार्यक्रम हरु सञ्चालन गर्न<br>२. मोवाइल को दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध वच्चा जन्माउने तथा परिपक्क उमेरमा पुग्दा सम्वन्ध विच्छेद जस्ता हुने संभावना वढ्दै गाएको । |

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| ५. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।<br>६. पालिका भित्र हुने गरेका सामाजिक कुरितिहरु (छुवाछुत, बालविवाह, बहुविवाह ) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको<br>७. वाल तथा अपाङ्गता एवम महिला डेक्सको व्यवस्था । | ४. लैङ्गिक हिंसा मुक्त पालिका घोषणा हुन नसकेको<br>५. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखी करण हुन नसकेको | ३. लैङ्गिक हिंसा मुक्त नगर घोषणा गर्न सकिने । | ३. वाह्य जिल्ला (विशेष गरि पहाडी ) बाट बसाइ सराइको चाप अधिक भएको हुनाले समस्याका रुप नयाँ नयाँ लाई संवोधन गर्न । |
| **घ. सेवा प्रवाह** | | | |
| १. उमेर पुगेका सवै वालवालिकाहरु विद्यालय भर्ना भएका ।<br>२. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।<br>३. निशुल्क प्रसुती सेवा, नवजात शिशु तथा सुत्केरी का लागि विशेष कार्यक्रम संचालन गरेको । | १. सार्वजानिक स्थल तथा कार्यालयहरुमध्ये अधिकांशमा स्तनपान गृह नभएको<br>२. गर्भवती महिला जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको<br>३. पुर्वाधार विकासमा महिला लक्षित तथा अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि विशेष | १. स्वास्थ्य वीमा कार्यक्रमलाई सवै घरधुरीमा पुर्याउन सकिने<br>२. सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसुती गराउन सकिने<br>३. विद्यालयहरुमा शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने । | १. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन<br>२. कृषि प्रति युवा लाई आकर्शित गर्न |

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| ४. भौतिक पुर्वाधारका सवै डिजाइन हरुमा लैससासाका प्रावधानहरु समेट्ने गरिएको ।<br>५. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको<br>६. निराक्षर महिलाहरुका लागि विशेष कार्यक्रम संचालन गरेको ।<br>७. प्रजनन स्वास्थ्य एड्स क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको<br>८. लक्षित वर्गको स्व रोजगार तथा बैदेशिक रोजगारमा जाने महिला तथा लक्षित समुहको क्षमता विकास लागि कार्यक्रमहरु संचालन नभएको<br>९. लक्षीत तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको<br>१०. महिला तथा अपाङ्गता भएका व्यक्तिहरु स्वरोजगार वनाउन | व्यवस्था सहितको ड्रइङ डीजाइन अनुसार अधिकांसमा भौतिक पुर्वाधार निर्माण नभएको ।<br>४. यौनिक तथा लैङ्गिक अल्प संख्यक का लागि बजेट विनियोजना तथा भौतिक पुर्वाधारहरुमा विशेष व्यवस्था नभएको । | ४. किसान सम्मान अभिनन्नन पुरस्कार आदी कार्यक्रम संचालन गरि किसान र कृषि प्रवर्द्धन गर्न सकिने ।<br>५. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन गराउन सकिने । | |

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| महिलाको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा ३५% र अपाङ्गताका लागि ५०% शुल्क छूट दिने कानुनी प्रावधान ।<br>११. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको ।<br>१२. सबै अपाङ्ग महिलाहरुलाइ निशुल्क सेनिटरी प्याड दिएको | | | |
| **ङ. सुशासन तथा उत्तरदायित्व** | | | |
| १. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा नपाले सहकार्य समन्वय गरेको<br>२. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको ।<br>३. नगरपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, | १. लैससास सम्वन्धि सरोकारवाला निकाय विच संयन्त्र निर्माण नभएको तथा साथै अनुशिक्षण नभएको<br>२. योजना तथा कार्यक्रमको लैससाका प्रावधानका आधारमा अनुगमन मुल्याङ्कन नभएको<br>३. नगरपालिकाको जनप्रतिनिधिहरुको विस्तृत वैयत्तिक विवरण हाल सम्म वैवसाइडमा नराखिएको | १. संघीय तथा प्रदेश सरकार संग समन्वयमा आर्थिक सामाजिक मानवीय तथा भौतिक विकासका कामहरु गर्न सकिने ।<br>२. अन्तराष्ट्रिय सन्धी संझौता तथा प्रतिवद्धताहरु लाई स्थानीय करण गरी सवैको नजरमा परेको यो नगरपालिका लाई अद्ययन | १. सामाजिक सञ्जाल मार्फत हुन सक्ने भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।<br>२. कानूनी ज्ञान आवश्यक नीति नियम आदी को अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारी वनाउन |

| वलियो (सवल पक्ष ) Strength | कमजोर (दुर्वल पक्ष ) Weakness | अवसर (Opportunity ) | चुनौती (Threat) |
|---|---|---|---|
| सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गरेको ।<br>४. सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समुहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको<br>५. नगरपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा वाँधिएको<br>६. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको<br>७. अन्तराष्ट्रिय प्रतिवद्धता र महासन्धीहरुलाई कार्यान्वयन गर्न कार्यक्रम तथा बजेटको व्यवस्था ग<br>८. सुर्योदय गतिविधि नामक रेडियो कार्यक्रम साप्ताहिक रुपमा हुने गरेको ।(शाखा प्रमुख जनप्रतिनिधिहरुको अन्तरवार्ता ) | ४. सामाजिक संजालमा लेङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि सुचना समाचार सन्देशमुलक विषय वस्तु आदि अत्यन्तै कम मात्र पकाशन प्रसारण भएको | केन्द्र तथा अनुसन्धानकर्ताहरुको आगमन केन्द्र वनाउन सकिने<br>३. अनुगमन मुल्याङ्कन लाई सहजै कार्यान्वयन गर्न सकिने सवै यो नगरको सवै वडाहरुमा १ घण्टामा भ्रमण गर्न सकिने भएकोले जुनसुकै समयमा पनि अनुगमन गर्न सकिने ।<br>४. अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जन प्रतिनिधिहरु ज्ञात रहेको हुनाले आवश्यक कानुन निर्माण गर्न तथा बजेट विनियोजन गर्न सकिने | |

उल्लेखित तालिकाले देखाए अनुसार सूर्योदय नगरपालिका मा सवल पक्षहरुको वाहुल्यता रहेको छ ।युवा कर्मचारीको वाहुल्यता परिपक्क जनप्रतिनिधि नगरपालिका प्रमूख रण वहादुर राईको सूझवुझपूर्ण नेतृत्वले गर्दा लैङ्गिक समानता र सामाजिक समावेशी मैत्री नगरपालिका वनाउनका लगि लामो समय नलाग्ने देखिन्छ । उल्लेखित सूचकहरुमा प्राप्ताङ्क हेर्दा हाल प्राप्त भएको ६५ प्रतिशत अंक लाई विना बजेट नै ७५ प्रतिशत सम्म पुर्याउन सकिने देखिन्छ जसका लागि यो तालिका ले देखाएका सवल पक्ष र अवसर हरुको भरपुर उपयोग हुन जरुरी छ

## ४.५. लैससास विकास कार्ययोजना

लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षणले सूर्योदय नगरपालिकाको लैससाको वर्तमान अवस्था छर्लङ्ग देखाएको छ । यही अवस्थामा आगामी दिनमा कुन कुरालई प्राथमिकतामा राखेर जानु पर्छ भन्ने वारेमा पनि एउटा मार्ग चित्र तयार गरेको छ जसको आधारमा आगमी वर्षको लागि र केही योजनाहरु निरन्तर सञ्चालन गर्ने गरी ५ वटा मूल सूचकमा आधारीत भएर लैससास विकास कार्ययोजना तयार गरिएको छ । जसको विवरण तल प्रस्तुत गरिएकोछ ।

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **क.नीतिकानून योजना** | | | | | | | | |
| १.१.१.स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्य दिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषय वस्तु र शब्द चयन समावेशी र सहभागिता मूलक हुने गरे/नगरेको । | ० | १. नपाले कानुन मस्यौदा गर्दा लैससास दृष्टिकोण ले उपयुक्त भए नभएको हेर्नका लागि कार्यटोली निर्माण गर्ने र त्यसको सिफारिस का आधारमा मस्यौदा तयार गर्ने | विधायन समिति / कर्मचारी प्रशासन शाखा | सभा / कार्यपालिका | नपा कार्यालय | निरन्तर | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **१.१.२.**स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरे/नगरेकोको । | ०.५ | १. नपाले प्रत्येक नीति कानून कार्यविधि जारी गर्नु भन्दा पहिले कार्यपालिकाको वैठकमा मस्यौदा प्रस्तुत गर्दा लैससास का दृष्टिले उपयुक्त भए नभएको लेखा जोखा गर्ने । | महिला बालबालिका तथा जेष्ठ नागरिक तथा / | सभा / कार्यपालिका | नपा कार्यालय | २०७९ असार मसान्त | | √ |
| **१.१.४.**महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक को समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् । छैनन् ?(स्थानीय ऐन, कानून, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको | ०.५ | १.कानून तथा कार्यविधिमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई अनिवार्य समावेश गर्ने र महिला पुरुष समविकासका लागि आवश्यक नीति निर्माण गर्ने | विधायन समिति / कर्मचारी प्रशासन शाखा | सभा / कार्यपालिका | नपा कार्यालय | २०७९ असार मसान्त | | √ |
| **१.१.६.**संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा बञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर | ०.५ | १. न्यायिक समितिमा महिला हिंसा तथा वञ्चितिकरणमा परेका समुदायको आएका मुद्दा पहिलो | महिला वालवालिका शाखा / न्यायिक समिति | कार्यपालिका प्रमुख प्रशसकीय अधिकृत | नगर कार्यपालिका | २०७९ असार मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| सुनुवाई हुने प्रवन्ध मिलाए। नमिलाएको । | | प्राथमिकतामा राखेर सुनुवाइ गर्ने । | | | | | | |
| **१.१.७.**स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे । नरहेको । | ०.५ | महिला पुरुस लैङ्गिक तथा यौनिक अल्प संख्यक हरुका को रोजगार प्रवर्द्धन कार्यविधि तयार गरी कार्यान्वनय गर्ने | विधायन समिति / कर्मचारी प्रशासन साखा | सभा / कार्यपालिका | नगरपालिका कार्यालय | २०७८ चैत्र मसान्त | | √ |
| **१.१.८.** स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहे । नरहेको | ०.५ | १. आप्रवासी कामदार आउन सक्ने संभावना भएकोले सो सम्वन्धी कानून निर्माण गरेर आवश्यकता अनुसार कार्यान्वनय गर्ने | विधायन समिति / कर्मचारी प्रशासन शाखा | सभा / कार्यपालिका | नगरपालिका कार्यालय | २०७९ असार मसान्त | | √ |
| **१.२.१.**आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको | ०.५ | १. आवधिक योजनामा लैससास सम्वन्धी धेरे कार्यक्रम नभएपनि नीति उल्लेख भएको हुनाले | योजना शाखा/ | सभा / कार्यपालिका | नपा कार्यालय | २०७८ चैत्र मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | आवश्यक क्रियाकलाप | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | | त्यसैको आधारमा कृयाकलाप वनाउने | | | | | | |
| **१.२.२.** नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे । नगरेको । | ० | १.आगमी वर्षको वार्षिक कार्यक्रम तय गर्दा लक्षित वर्गहरुको लागि आवश्यक र निश्चित प्रतिशत बजेट विनियोजन गर्ने । | योजना शाखा | सभा / कार्यपालिका | नपा कार्यालय | २०७९ असार मसान्त | | √ |
| **१.२.३.** स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे। नगरेको । | ० | १. वार्षिक योजना छनौट गर्दा महिला तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चित गर्ने<br>२. लक्षित समुहमा छलफल गरेर माग संकलन गर्ने | योजना शाखा/वडा कार्यालय | सभा / कार्यपालिका | नपा कार्यालय | २०७९ असार मसान्त | | √ |
| **१.२.४.** योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति | ०.५ | १. व्यवाहिरक आवश्यकता (कार्यवोझ कम सरलता र समय वचत ) । र<br>२. रणनैतिक आवश्यकता (स्थिति परिवर्तन गर्ने शिक्षा | वडा समिति र वडा सचीव | वडा कार्यालय/ कार्यपालिका | वडा समिति र वडा सचीव/ योजना अधिकृत | २०७८ चैत्र मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| गर्ने विषयमा छलफल हुने गरे/नगरेको । । | | नेतृत्व सीप रोजगारी ) सम्वन्धी कार्यक्रम राखे | | | | | | |
| **१.२.५.**योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए। नगरिएको । | ०.५ | १. समुदाय स्तरमा योजना तर्जुमा गर्दा लक्षीत वर्गका छुट्टा छुट्टै भेला गरि अवस्था विश्लेषण र आवश्यकता पहिचान गर्ने र प्राथमिकताका आधारमा योजनामा समावेश गर्ने । | वडा समिति र वडा सचीव | वडा कार्यालय/ कार्यपालिका | वडा समिति र वडा सचीव/ योजना अधिकृत | २०७८ फागुन मसान्त | | √ |
| **१.२.६.**स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे । नगरेको । | ० | १. दीगो विकास लक्षका १७ वटा लक्षका वारेमा नगर पदाधिकारी तथा कर्मचारी हरुलाई अभिमुखीकरण गर्ने<br>२. दीगो विकास लक्ष "५" लाई स्थानीय करणका लागि लैससास नीति, रणनीति वनाउन आवश्यक बजेट विनियोजन गर्ने । | महिला बालबालिका शाखा / सामाजिक विकास शाखा | कार्यपालिका | महिला बालबालिका शाखा / सामाजिक विकास शाखा | २०७९ असार मसान्त | लागत साझेदारी | |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **१.३.१** बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए। नगरिएको । | ०.५ | १. आव ७८/७९ को वजेट तर्जूमा गर्नुपुर्व समुदायका लक्षित वर्ग संग छलफल गरि योजना तर्जुमा गर्ने र सो को अभिलेख नपामा पेश गर्ने | योजना शाखा | कार्यपालिका | योजना शाखा / प्रशसासन शाखा | २०७८ चैत्र मसान्त | | √ |
| **१.३.२.** स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए/ नगरिएको र सोको कार्यान्वयन भए/ नभएको । | ०.५ | १. नियमित रुपमा बजेट विनियोजन गर्ने<br>२. नियमित रुपमा लैससास परीक्षण गर्ने | योजना शाखा / प्रशसासन शाखा | कार्यपालिका | योजना शाखा / प्रशसासन शाखा | निरन्तर | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **१.३.३.** लैससास परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरी सो को कार्यान्वयन भए/नभएको । | ०.५ | १. लैससास परीक्षण पश्चात कार्ययोजना तयार गरी वार्षिक कार्यक्रममा राख्ने<br>२.आवश्यक बजेट विनियोजन गर्ने | प्रशासन शाखा , प्रमुख प्रशासकीय अधिकृत | सभा / कार्यपालिका | नगर कार्यपालिका | २०७९ असार मसान्त | | √ |
| १.३.४. स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन गर्ने गरिए/नगरिएको । | ० | १. लक्षित समूहको विकास का लागि नगरपालिका मा निर्णय गरेर निश्चित प्रतिशत वजेट विनियोजन गर्ने । | महिला बालबालिका शाखा / योजना शाखा | कार्यपालिका /सभा /प्र प अ | महिला बालबालिका शाखा / योजना शाखा | २०७९ असार मसान्त | लागत साझेदारी | |
| **ख. संस्थागत व्यवस्था** | | | | | | | | |
| **२.१.१** स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/ कर्मचारी) को समानरुपमा ( ५० /५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको । | ०.५ | १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने । | प्रमूख प्रशासकीय अधिकृत | नगर कार्यपालिका/ | प्रप्रअ /प्रशासन शाखा | निरन्तर | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| २.१.२ स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाती, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/नलिएको र सो वमोजिम कार्यान्वयन भए/ नभएको | ०.० | १. कर्मचारी पदपूर्ति कार्यविधि तयार गर्ने ।<br>२. कर्मचारी नियुक्ति गर्दा समानुपातिक समावेशी प्रतिनिधित्व हुने गरी कोटा निर्धारण गर्ने । | विधायन समिति / कर्मचारी प्रशासन शाखा | सभा / कार्यपालिका | नगरपालिका कार्यालय | २०७९ असार मसान्त | | √ |
| २.२.१ महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहे/नरहेको । | ०.० | १. महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने | महिला बालबालिका जेष्ठ नागरिक शाखा | नगर कार्यपालिका /सभा | महिला बालबालिका शाखा / योजना शाखा | निरन्तर | | √ |
| २.२.३ स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरे/नगरेको । | ०.० | १. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार , जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी तत्काल लागु गर्ने । | विधायन समिति / कर्मचारी प्रशासन शाखा | सभा / कार्यपालिका | नगरपालिका कार्यालय | २०७९ असार मसान्त | | √ |
| २२४.योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक | ०.५ | १. लैससास कार्यान्वयन समिति गठन गरि परिचालन गर्ने । | योजना शाखा | सभा / कार्यपालिका | नगरापालिका कार्यालय | २०७९ असार मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/ नभएको र यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे।नगरेको । | | २. समुदाय स्तरमा योजना तर्जूमा गर्दा अनिवार्य रुपमा अनुगमन गर्ने र सुझाव दिने नीति अवलम्वन गर्ने । | | | | | | |
| २.४.२ आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको/नभएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरे/नगरेको । | ०.५ | १. आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समुहका महिलाको सशक्ती करणका लागि वजेट विनियोजन गरी आवश्यक कार्यविधि वनाइ कार्यान्वयन गर्ने | योजना शाखा /प्र प अ | कार्यपालिका / सभा | कार्यपालिका | २०७८ चैत्र मसान्त | | √ |
| २.४.३ स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र सञ्चालनको लागि आवश्यक जन शक्ति लगायत अन्य स्रोत साधनकोलागि वजेटको व्यवस्था भए/नभएको र सो अनुसार कार्य भए/नभएको | ० | १. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स आवश्यक जनशक्ति अन्य व्यवस्थापनका लागि बजेट व्यवस्थापन गर्ने | योजना शाखा /प्र प अ महिला वालवालिका शाखा | कार्यपालिका / सभा | कार्यपालिका | २०७८ चैत्र मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| २.४.४ स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे /नगरेको र कम्प्यूटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने गरे/नगरेको । | ० | १. समावेसी सूचना प्रणाली व्यवस्थानपन शीर्षकमा वजेट विनियोजन गर्ने । | योजना शाखा /प्र प अ | कार्यपालिका /शाखा | कार्यपालिका | २०७८ चैत्र मसान्त | | √ |
| **ग. मानव संसाधन तथा क्षमता विकास** | | | | | | | | |
| ३.१.२ स्थानीय तहका पदाधिकारी/ कमर्चारी/ लक्षित समुहले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम लिए/नलिएको र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गरे/नगरेको । | ०.५ | १. सवै कर्मचारी तथा जनप्रतिनिधिहरुलाई लैससास सम्वन्धी तालिम नियमित वार्षिक रुपमा प्रदान गर्ने | योजना शाखा महिला वालवालिका शाखा | नगर कार्यपालिका | महिला तथा वालवालिका शाखा | निरन्तर | | √ |
| ३.१.४ स्थानीय तहमा महिला तथा लक्षित समूहका पदाधिकारीको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम, क्षमता विकास, | ०.५ | १. लक्षित वर्गका लागि क्षमता विकासमा छुट्टै बजेट विनियोजना गर्ने । | मानव संसाधन तथा क्षमता | नगर कार्यपालिका | नगर कार्यपालिका योजना शाखा मानव संसाधन | २०७९ असार मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| नेतृत्व विकासको तालिम, भ्रमण आदि) मा वजेट विनियोजन भई कार्यक्रम सञ्चालन भए/नभएको | | २. क्षमता विकासका लागि तालिम आवश्यकता पहिचान गर्ने | विकास शाखा | | तथा क्षमता विकास शाखा | | | |
| **३.१.५** स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी तालिम सञ्चालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भए/नभएको | ०.० | १. लैससास तालिम संचालन गर्न सक्ने गरी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्ने । | मानव संसाधन तथा क्षमता विकास शाखा | नगर कार्यपालिका | नगर कार्यपालिका योजना शाखा मानव संसाधन तथा क्षमता विकास शाखा | २०७९ असार मसान्त | | √ |
| **३.१.८** महिला हक हित र अधिकार सम्वन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका वाह्रवटा प्रतिवद्दताका सम्वन्धमा स्थानीय तहका पदाधिकारी/ कर्मचारीलाई जानकारी भए/नभएको र सोको अभिमुखीकरण गरे/ नगरेको | ०.० | १. आगामी आवको वार्षिक कार्यक्रममा क्रियाकलाप समावेश गर्ने<br>२. लक्षित वर्ग तथा महिला हरुका लागि अभिमुखी करण कार्यक्रम सञ्चालन गर्ने । | प्रशासन शाखा , प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | नगर कार्यपालिका | २०७९ असार मसान्त | विषय विज्ञ खर्च (साझेदा री ) | √ |
| **३.२.२** लैङ्गिक हिंसा मुक्त गाऊ /नगरपालिका घोषणा गरे/नगरेको र महिला हिंसा विरुद्ध | ०.० | १. लैङ्गिक हिंसा निवारण कार्यविधि वनाउने ।<br>२. महिला हिंसा विरुद्द संग सम्वन्धित ब्रुसर वनाउने | लैससास संपर्क व्यक्ति | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | विधायन समिति/ सामाजिक विकास शाखा | २०७९ जेष्ठ मसान्त | विषय विज्ञ खर्च (साझेदा री ) | |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| शून्य सहनशीलताको नीति लिए/नलिएको | | ३. कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा निवारण ऐन २०७१ का विषयमा कर्मचारी तथा जनप्रतिनिधिलाई अनुशिक्षण गर्ने ।<br>४. सामाजिक विभेद निवारण कार्ययोजना तयार गर्ने । | | | | | | |
| **३.२.४** स्थानीय तहले समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह, दाइजो, आदि) हटाउन कार्यक्रमहरू संचालन गरे/नगरेको । | ०.५ | १. सामाजिक कुरीतिहरु विरुद्ध भिडियो क्लिप वनाउने<br>२. सडक नाटक संचालन गर्ने<br>३. आवश्यक वजेट विनियोजन गर्ने | महिला वालवालिका शाखा | नगार कार्यपालिका | महिला वालवालिका शाखा | २०७९ असार | लागत साझेदारी | |
| **३.३.१** स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, स्थानीय तहले जारी | ०.५ | ४. वार्षिक कार्यक्रममा जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई संघीय तथा स्थानीय कानून कार्यविधि का वारेमा अभिमुखीकरण नियमित रुपमा राख्ने | मानव संसाधन तथा क्षमता विकास शाखा | नगर कार्यपालिका | नगर कार्यपालिका योजना शाखा मानव संसाधन तथा क्षमता विकास शाखा | २०७९ असार मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको सम्वन्धमा अभिमुखीकरण गरे/ नगरेको | | | | | | | | |
| **३.३.२** स्थानीय तहका कार्यपालिका सदस्य,सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गरे /नगरेको | ०.५ | १. स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गर्ने । | न्यायिक समिति /कानुन शाखा | प्रमुख प्रशासकीय अधिकृत | कानुन शाखा | २०७८ चैत्र मसान्त | विषय विज्ञ खर्च (साझेदारी ) | |
| **३.४.१** स्थानीय तहले विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परामर्श गरे/ नगरेको र यस्ता दस्तावेजमा उक्त वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान राखे/नराखेको । | ०.५ | १. विपद व्यवस्थापन सम्वन्धी मापदण्ड वनाउदा रणनीति कार्यनीति लगायत कार्यविधि तयार गर्दा प्रत्येक पटक महिला तथा लक्षित वर्ग वा समुदाय संग अनिवार्य परामर्श गर्ने र सो को माइन्यूट राख्ने | प्रशासन शाखा , प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका | नगर कार्यपालिका | २०७९ असार मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| ३.४.४ विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय हुने गरे /नगरेको । | ० | १.विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागिता मा निर्णय गर्ने | विपद व्यवस्थापन सम्पर्क व्यक्ति | प्रमुख प्रशासकीय अधिकृत | विपद व्यवस्थापन समिति | निरन्तर | | √ |
| **घ. सेवा प्रवाह** | | | | | | | | |
| ४.१.१ स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संबेदनशील संरचनाको प्रावधान सहित हुने गरे /नगरेको । | ०.५ | १. प्राविधिक शाखाका कर्मचारीलाइ लैससास मैत्री भवन निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने<br>२. नगर कार्यपालिकाले बैठकमा निर्णय गरी अनिवार्य रुपमा ड्रईङ डिजाइनमा लक्षित वर्ग मैत्री वनाउने गरी क्रियाकालप तथा बजेट राख्ने । | प्राविधिक शाखा | प्रमुख प्रशासकीय अधिकृत | प्राविधिक शाखा | २०७८ चैत्र मसान्त | प्राविधिक परामर्श सेवा लिने | |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| ४.१.२ स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयूक्त हुने गरी निर्माण गरे/नगरेको । | ०.५ | १.प्राविधिक शाखाका कर्मचारीहरुलाइ लैससास मैत्री भवन निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | प्राविधिक शाखा | प्रमुख प्रशासकीय अधिकृत | प्राविधिक शाखा | २०७८ माघ मसान्त सम्म | प्राविधिक परामर्श सेवा लिने | |
| ४.१.३ स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयूक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्विकृति दिने गरे/गरेको तथा सो वमोजिम निर्माण कार्य हुने गरे/नगरेको | ० | १. घर नक्शा कार्यविधिलाई कडाइ का साथ लागू गर्न नक्सा पास भइ निर्माण सम्पन्न भएका भवन तथा संरचना हरुको अनुगमन गर्ने<br>२. अनुगमन समितिले दिएको प्रतिवेदन तत्काल कार्यपालिका मा पस्तुत गरी आवश्यक कार्ययोजना वनाउने र कार्यान्वयन गर्ने । | घर नक्शा शाखा | कार्यपालिका | घर नक्शा शाखा | निरन्तर | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| ४.१.४ स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परंपरागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चालन गरे/नगरेको। | ०.० | १. लक्षित समुदायको समृद्धिको लागि बैकल्पिक उर्जा सुधारिएको चुल्हो साना कुटानी पिसानी मिल जस्ता क्रियाकलापमा विशेष अनुदानको व्यवस्था गर्ने | योजना शाखा | नगर कार्यपालिका नगर सभा | योजना शाखा महिला बालबालिका शाखा | २०७९ असार मसान्त | | √ |
| ४.२.१. प्रजनन स्वास्थ्य सम्वन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयूक्त तथा खतरायूक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन गरे /नगरेको । | ०.० | १. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने | स्वास्थ्य शाखा | नगर कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत | स्वास्थ्य शाखा प्रशासन शाखा | २०७९ असार मसान्त | | √ |
| ४.२.२ स्थानीय तहको कार्यालय, अस्पाताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपानकक्षको व्यवस्था गरे | ०.५ | १. नगरपालिका तथा वडा कार्यालयहरुमा अस्थाइ प्रकृतिको स्तनपान कक्ष तत्काल वनाउने ।<br>२.अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरु मा स्तनपान कक्ष सहित ड्रइङ | महिला बालबालिका शाखा | कार्यपालिका | प्राविधिक शाखा/ महिला बालबालिका शाखा | २०७८ चैत्र मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| नगरेको र सो को कार्यन्वयन भए/नभएको | | डिजाइन गर्ने र कार्यान्वयन गर्ने । | | | | | | |
| ४.३.३. निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गर्ने नीति तथा वजेट र कार्यक्रम भए/नभएको तथा सो अनुरूप कार्यक्रमहरु (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षा, आदि ) कार्यान्वयन भए। नभएको । | ०.५ | १. निराक्षर महिलाहरुका लागि परिवार स्तरवाटै तथा शिक्षण सिकाइ गर्ने विद्यार्थी वाट अभ्यास शिक्षणका लागि कार्यक्रम वनाएर साक्षार वनाउने । | शिक्षा शाखा | नगर कार्यपालिका | शिक्षा शाखा तथा विद्यालयहरु | २०७९ असार मसान्त | | √ |
| ४.४.१ स्थानीयतहका कार्यालय तथा सार्वजनिक स्थलहरूमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजर, आदिको प्रवन्ध गरे /नगरेको । | ०.५ | १. सरकारी कार्यालयमा यौनिक तथा लैङ्गिक अल्प संख्यकहरुका लागि शौचालयको छुट्टै व्यवस्थापन गर्न तत्काल निर्णय गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | २०७८ चैत्र मसान्त | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| ४.४.३ स्थानीय तहका सबै गाउँ, वस्ती तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर सङ्कलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फूलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्दिगर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरे /नगरेको । | ०.५ | १. फिक्कल वजार तथा वडा कार्यालय वरीपरी कुहिने नकुहिने फोहोरहरुका लागि सार्वजानिक स्थलमा राखिएका डस्टवीन वाट नियमित रुपमा फोहोर उठाउने ।<br>२. कौशि खेती करेसावारी तथा गमला र फूलवारी सम्वन्धी तालीम प्रदान गर्ने | वातावरण पूर्वाधार शाखा/ सामाजिक विकास शाखा | कार्यपालिका | वातावरण पूर्वाधार शाखा/ सामाजिक विकास शाखा | २०७८ चैत मसान्त | | √ |
| ४.५.२ स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरे।नगरेको । | ०.५ | स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने | रोजगार सेवा केन्द्र | कार्यपालिका /सभा | नगर पालिका कार्यालय | २०७९ असार मसान्त | लागत साझेदारी | |
| ४.५.३ ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाध प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक | ०.० | १. वडा स्तरमा पशुसेवा कृषि खाद्य प्रविधि संग सम्वन्धित प्राविधिक समाजिक परिचालकहरु निर्माणका लागि आवश्यक बजेट | पशुसेवा कृषि शाखा | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | पशुसेवा तथा कृषि शाखा | २०७९ असार मसान्त | लागत साझेदारी | |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम सञ्चालन गरे /नगरेको । | | विनियोजन गरी क्षमता तथा सीप विकास गर्ने । | | | | | | |
| **ङ. सुशासन तथा उत्तरदायित्व** | | | | | | | | |
| **५.१.३** महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाहवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको/नगरेको । | ०.० | १. बेइजीङ घोषणा पत्र का १२प्रतिवद्धता का वारेमा जन प्रतिनिधि तथा कर्मचारी हरु लाई २ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने / बजेट विनियोजन गर्ने । | लैससास सम्पर्क व्यक्ति | प्रमुख प्रशासकीय अधिकृत | लैससास सम्पर्क व्यक्ति | २०७९ फागुन मसान्त | श्रोत व्यक्ति लागत साझेदारी | |
| **५.२.१** स्थानीय तहले नियमितरुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे। नगरेको । | ०.५ | १. सार्वजानिक सुनुवाइ चौमासिक रुपमा गर्ने नीति कार्यान्वयन गर्ने पत्रकार संमेलन आवश्यकता अनुसार गर्ने | प्रशासन र योजना शाखा | नगर कार्यपालिका | प्रमुख प्रसाशकीय अधिकृत | निरन्तर | | √ |
| **५.२.३** स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र | ०.५ | सार्वाजानिक सुनुवाइमा दलित तथा विपन्न समुदायका व्यक्ति महिला लाई अनिवार्य रुपमा | प्रशासन र योजना शाखा | नगर कार्यपालिका | प्रमुख प्रसाशकीय अधिकृत | निरन्तर | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा प्रश्न उठ्ने गरे/नगरेको र सोको अभिलेख राखी उठेका प्रश्नउपर स्थानीय तहबाट सम्बोधन हुने गरे।नगरेको । | | उपस्थित हुन र आफ्ना सवाला प्रस्तुत गर्ने लागउने र त्यसको अभिलेख दुरुस्त राख्ने | | | | | | |
| **५.३.२** स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे। नगरेको । | ०.५ | १. कोही पनि नागरिक भाषाका कारण कुनै पनि सूचना वाट बञ्चित नहुने गरि प्रसारण गर्ने<br>२. हाल सम्म नेपाली भाषा नवुझ्ने कोही भएको जानकारीमा नआएको | महिला वालवालिका शाखा र सुचना प्रविधि शाखा | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | नगर कार्यपालिका | २०७९ असार मसान्त | | √ |
| **५.४.१** स्थानीय तहबाट सञ्चालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सके/नसकेको । | ०.५ | लाभग्राहीहरुको जातीय लिङ्गीय तथा वर्गीय विवरण खुल्ने गरी प्रतिवेदन पेश गर्नु पर्ने फारम वनाउने | योजना शाखा | नगर कार्यपालिका | योजना शाखा | निरन्तर | | √ |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **५.५.३** लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गरे /नगरेको । | ०.० | १. संजाल गठन गर्ने<br>२. सञ्जाल गठन भएपछी सुरुमा नै लैसासास सम्वन्धी तालिम प्रदान गर्ने | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | महिला बालबालिका शाखा | २०७९ असार मसान्त | | √ |
| **५.५.४** महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरे /नगरेको । | ०.० | १. जनप्रतिनिधि तथा विषयगत शाखाका प्रमुखहरुलाई राष्ट्र संघीय सुरक्षा परिषद वाट पारित प्रस्ताव नं १३२५ र १८२० का प्रावधान हरु वारे अभिमुखीकरण गर्ने ।<br>२. बजेट व्यवस्थापन गरी प्रावधानहरु कार्यान्वयन गर्ने । | महिला बालबालिका शाखा / सामाजिक विकास शाखा | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | प्रशासन शाखा / नगर प्रमुखको सचिवालय | २०७९ असार मसान्त | | √ |

# ५.सुझावहरु

सूर्योदय नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका आधारमा निम्नानुसार सुझावहरु प्रस्तुत गरिएकोछ ।

३. नगरपालिकाले लैससासको क्षेत्रमा प्रसस्त काम गरेको पाइए पनि त्यसको अभिलेख व्यवस्थित नभएका कारण अभिलेखीकरणलाई विशेष जोड दिने ।
४. नगरपालिकाले वनाएका केहि कानून कार्यविधिहरुमा नमूना भनिएको ठाउँमा जस्ताको तस्तै कपी भएको हुनाले त्यसलाई आवश्यक संसोधन गर्ने ।
५. आवधिक योजनामा नगरपालिकाको दूर दृष्टिमा "आर्थिक समनता भन्ने ठाउँमा आर्थिक सवलता भन्दा भावार्थ थप स्पस्ट हुने ।
६. लैससास परीक्षण पश्चात वनाएका कार्ययोजनालाई लाई योजना तर्जूमामा समावेश गर्ने ।
७. नगरपालिकाले आफ्ना सवै जनप्रतिनिधिको वैयक्तिक विवरण वेभसाइडमा राख्ने ।
८. कुनै पनि योजनाको अनुगमन गर्दा लैससासका दृष्टिकोणवाट पनि अनुगमन हुने गरी प्रतिवेदन फारम तयार गरी प्रयोगमा ल्याउने ।
९. मानव संसाधन विकास शाखा स्थापना गर्ने ।
१०. नगरपालिकाले वनाएका कानून कार्यविधि निर्देशिकाहरु तयार भएपछि सवै कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्ने ।
११. लैङ्गिक उत्तरदायि वजेट निर्माण गरी कार्यान्वयन गर्ने ।
१२. जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति बालबालिका हरुको सामाजिक सूरक्षाको प्रत्याभूति हुने गरी कानून कार्यविधिहरु वनाउने ।
१३. दीगो विकास लक्ष लाई स्थानीयकरण गरी कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्ने
१४. अन्तराष्ट्रिय सन्धी संझौता प्रतिवद्धता आदी कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गर्ने
१५. महिलाको जीविकोपार्जन सशक्तिकरण तथा कार्यवोझ कम गर्ने कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने ।
१६. समावेशी सूचना प्रणालीलाई ध्यानमा राखी नगरपालिका बसोबास गर्ने कुनै पनि नागरिकले भाषा नवुझेका कारण सूचना वाट बञ्चित हुन नपरोस भन्ने कुरालाई नगरपालिकाले आत्मावोध गरेको हुनाले यसलाई निरन्तरता दिनुपर्ने ।
१७. गर्भवती तथा सुत्केरी महिलाहरुको सुरक्षा संग सम्वन्धित हाल संचालित कार्यक्रम(सुत्केरी पोषण,) लाई निरन्तरता दिने र अन्य विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।

१८. नगरपालिकामा वन्ने भौतिक संरचनाहरुमा महिला बालबालिका तथा अपाङ्ग मैत्री वनाउने कुरा नीतिगत रुपमा नै निर्णय गरी कार्यान्वयन गर्ने ।

१९.लैससास विकास कार्ययोजना कडाइका साथ कार्यान्वयन गर्ने ।

२०.लैससास परीक्षणको नतिजालाई माकुरी जालो तथा स्तम्भ चित्रमा फ्लेक्स प्रिन्ट गरी नगरप्रमुख उप प्रमुख प्रमूख प्रशासकीय अधिकृत लगायत अन्य शाखाहरुमा समेत राख्ने र कार्यक्रमहरु तय गर्दा त्यसलाइ आत्मसात गरी वनाउने ।

२१.नगरको वार्षिक प्रगती प्रतिवेदन तयार गर्दा लैससासका नजरमा कस्तो रह्यो भन्ने वारेमा विश्लेषणात्मक लेख समावेश गर्ने ।

# ६.निष्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री प्रदेश वनाउनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तरगत प्रदेश प्रशिक्षण केन्द्रले प्रदेश १ का सवै (१३७ वटै) स्थानीय तहहरुको लैससास परीक्षण गरी त्यसको नतिजाका आधारमा आगामी विकास योजना वनाउन गरेको सहयोग अन्तरगत यो सूर्योदय नगरपालिका को लैससास परीक्षणले वर्तमान अवस्था छर्लङ्ग वनाएको छ भने आगामी दिनमा के गर्ने भन्ने वारेमा लैससास विकास कार्ययोजना समेत वनेको छ । यो कार्ययोजनालाई कडाइका साथ कार्यान्वयन गर्ने हो भने यो नगरपालिका पूर्ण रुपमा लैससास मैत्री हुने देखिन्छ । हाल सम्म गरेका कामहरुको आधारमा ६५ प्रतिशत अंक प्राप्त गर्नु चानचुने विषय हैन त्यसैले यहाँका जनप्रतिनिधिहरुको इच्छा चाहाना र लगनशीलताले प्राप्त उक्त नतिजालाई विना आर्थिक लगानी ७५ प्रतिशत सम्म पुर्याउन सकिने देखिन्छ भने आर्थिक लगानी सहित कार्ययोजना कार्यान्वयन हुदैं ९० प्रतिशत भन्दा वढी हुने अवस्था छ ।कर्मचारीको पर्याप्तता, सुगम नगरपालिका सक्षम राजनैतिक तथा प्रशासनिक नेतृत्व पुर्व प्रधानमन्त्री झलनाथ खनालको गृहनगर यो नगरका सवल पक्षहरु हुन यी सवल पक्षको भरपुर उपयोग गर्न सकिने अवस्था छ ।

यो नगरपालिकाको लैससास परीक्षणमा ५ वटा मूल सूचकका आधारमा हेर्दा सवै सुचकहरु मा "उत्तम" नतिजा हाशील गरेको छ ।यसलाई मार्ग दर्शनको रुपमा लिएर अगाडी वढ्ने हो भने सूर्योदय नगरपालिका लैससास मैत्री हुनेमा ढुक्क रहन सकिन्छ । सफल नेतृत्व र लगनशील कर्मचारीहरुलाई हार्दिक धन्यवाद ।

# अनुसूची १

## लैससास परीक्षणका लागि अध्ययन तथा पुनरावलोकन गरिएका सन्दर्भ सामाग्री हरु

१. नगरपालिकाको वस्तुगत विवरण (प्रोफाइल)- २०७५
२. सूर्योदय नगरपालिका आवधिक योजना २०७६/२०७७- २०८१/२०८२
३. वार्षिक नीति तथा कार्यक्रम ०७७/०७८ र ०७८/०७९
४. वार्षिक प्रगती प्रतिवेदन ०७७/०७८
५. आव ०७७/०७८ का कार्यपालिकाका वैठकका निर्णयहरु
६. योजना तर्जुमा प्रकृयाका फाइलहरु
७. उपभोक्ता समिति मार्फत संचालन भएका योजनाका फाइल
८. महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाको समीक्षा वैठकमा प्रस्तुत गरिएको प्रगती प्रतिवेदन
९. स्थानीय सरकार संचालन ऐन २०७४
१०. विपद जोखीम न्यूनीकरण गर्न वनेको ऐन २०७५
११. नगरपालिकाका कर्मचारी व्यवस्थापन ऐन २०७६
१२. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६
१३. अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि ( दोस्रो संशोधन ) २०७८
१४. नगरपालिकाले प्रकाशन गरेका अन्य कानून संग्रह भाग १ देखि ३ सम्म

## अनुसूची २

## लैससास परीक्षण सम्वन्धी छलफल तथा समन्वयका लागि गठित  कार्यदलको विवरण

१. संयोजकः दुर्गा देवि भट्टराई  (नगर उपप्रमुख)

२. सदस्यः मिलन भट्टराई ( प्रमूख प्रशासकीय अधिकृत )

३. सदस्यः नरवहादुर सुवेदी (वडाध्यक्ष वडा नं ४ )

४. सदस्यः सावित्रा सिवा (कार्यपालिका सदस्य)

५. सदस्यः तारा शेर्पा महिला वालवालिका शाखा प्रमुख

६. आमन्त्रितः केशवराज ढुंगेल (संयोजकः लैससास परीक्षण सहजकर्ता )

७. आमन्त्रितः कृष्णप्रसाद घिमिरे (सदस्यः लैससास परीक्षण सहजकर्ता)

## अनुसूची ३

## लैससास कार्यान्वयन समितिको विवरण

१. संयोजकः रणवहादुर राई (नगर प्रमूख )

२. सदस्यः दुर्गादेवि भट्टराई (नगर उपप्रमूख )

३. सदस्यः मिलन भट्टराई (प्रमूख प्रशासकीय अधिकृत)

४. सदस्यः (सामाजिक विकास समिति संयोजक)

५. सदस्य ( कापा सदस्य मध्येवाट संयोजकद्वारा मनोनीत )

६. सदस्यः ( कापा सदस्य मध्येवाट संयोजकद्वारा मनोनीत )

७. सदस्यः ( कापा सदस्य मध्येवाट संयोजकद्वारा मनोनीत )

८. सदस्यः (गैसस संघ संस्था वाट संयोजक द्वारा मनोनित )

९. सदस्यः (गैसस संघ संस्था वाट संयोजक द्वारा मनोनित )

१०.सदस्यः (गैसस संघ संस्था वाट संयोजक द्वारा मनोनित )

११.सदस्य सचीवः तारा शेर्पा (महिला वालवालिका शाखा प्रमुख )